का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ जेठ २०७९,
सोमबार
30 May 2022,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

निक
ईपेपर हेर्न
वर्ष २०, अंक ११४ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

## बजेटको आकार

# १७ खर्ब ९३ अर्ब ८३ करोड

■ ८ प्रतिशत आर्थिक बृद्धिदर हुने लक्ष्य









**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ जेठ ।

सरकारले आगामी आर्थिक वर्ष २०७९/८० का लागि १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट ल्याएको छ। चालु आर्थिक वर्ष ०७८/०७९ भन्दा डेढ खर्ब भन्दा बढाएर बजेट ल्याएको छ । अर्थमन्त्री जनार्दन शर्माले संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत गरेको बजेटमा चालु खर्च तर्फ ७ खर्ब ५३ अर्ब ४० करोड, पुँजीगत खर्च ३ खर्ब ८० अर्ब ३८ करोड र वित्तीय व्यवस्थापन तर्फ २ खर्ब ३० अर्ब बजेट विनियोजन गरिएको छ ।

बजेटको स्रोत तर्फ भने राजश्वबाट १२ खर्ब ४० अर्ब ११ करोड उठ्ने लक्ष्य राखिएको छ। वैदेशिक अनुदानतर्फ ५५ अर्ब ४६करोड आउने अपेक्षा गरिएको छ । २ खर्ब ५६ अर्ब आन्तरिक ऋण र २ खर्ब ४२ अर्ब २६ करोड वैदेशिक ऋण लिने लक्ष्य राखिएको छ ।

सरकारले स्थानीय र प्रदेश सरकारलाई वित्तीय अनुदान हस्तान्तरण तर्फ रु चार खर्ब २९ अर्ब ८३ करोड अर्थात् २४ प्रतिशत बराबरको बजेट प्रबन्ध विनियोजन गरेको छ ।

चालु आवमा भने सरकारले संशोधित बजेट रु १६ खर्ब ४७ अर्ब ५७ करोड बराबरको प्रस्तुत भएको थियो । त्यसमा संघले गर्ने खर्च रु छ खर्ब ७८ अर्ब ६१ करोड बराबर थियो । त्यस्तै पूँजीगततर्फ रु तीन खर्ब ७४ अर्ब २६ करोड अर्थात् २२.७ प्रतिशत बराबर थियो ।

वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब सात अर्ब ९७ करोड बराबर थियो । प्रदेश र स्थानीय तहका लागि वित्तीय हस्तान्तरणतर्फ रु तीन खर्ब ८६ अर्ब ७१ करोड बराबर उपलब्ध गराइएको थियो ।

आव २०७७/७८ मा कूल रु १४ खर्ब ४४ अर्ब ६४ करोड बराबरको बजेट प्रस्तुत गरिएको थियो । बजेटमा चालुतर्फ रु नौ खर्ब ४८ अर्ब ९४ करोड अर्थात् ६४.४ प्रतिशत, पूँजीगततर्फ रु तीन खर्ब ५२ अर्ब ९१ करोड अर्थात् २३.४ – बाँकी पृष्ठ २ मा

# लोक रिझाउने बजेट

## आसन्न प्रदेश र संघीय चुनावलाई ख्याल गर्दै सरकारले मतदाताको मन जित्ने प्रयास बजेट मार्फत गरेको छ । सत्तापक्षले संघीयताअनुसारको बजेट भनेका छन् भने प्रतिपक्षले चुनाव भड्काउने प्रयास ।



बजेटले उपभोग नहुने बस्तुहरु आयात रोक्ने कुरा गरेन् । संभावित आर्थिक संकटलाई भन्दा बढ्ता ध्यमान चुनावमा दिएको देखिन्छ ।

■ **भीम रावल**
नेता, नेकपा एमाले



बजेटले कृषि, उर्जा, पर्यटन र कनेक्टिभिटीलाई महत्वका साथ अगाडि बढाएको छ । र यो संघीयताको मर्म अनुसारको बजेट हो ।

■ **ज्ञानेन्द्रबहादुर कार्की**
सञ्चार मन्त्री

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ जेठ ।

सरकारले आगामी आर्थिक बर्षको बजेट लोक रिझाउने प्रयास गरेको छ । १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट ल्याउँदा सरकारले कृषि क्षेत्र र रोजगार प्रवर्द्धनलाई मुख्य प्राथमिकता राखेको छ । स्थानीय तह र प्रदेश सरकारलाई बडी अधिकार दिने प्रयास गरेको छ ।

स्थानीय तहलाई यसवर्ष सरकारले १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट ल्याउँदा प्रदेश र स्थानीय तहले वित्तीय हस्तान्तरणतर्फ ४ खर्ब २९ अर्ब ८३ करोड अर्थात २४ प्रतिशत बजेट पाएको छ ।

अर्थमन्त्री शर्माका अनुसार यसबाहेक राजस्व बाँडफाँटबाट समेत स्थानीय र प्रदेशमा १ खर्ब ६३ अर्ब रुपैयाँ जाने छ। सरकारले विभिन्न चार प्रकारका अनुदान तल्लो सरकारमा – बाँकी पृष्ठ २ मा

### प्रमुख कार्यक्रमहरु

- ६८ वर्षमै बृद्धभत्ता
- कर्मचारीको तलब १५ प्रतिशतले बृद्धि
- मिर्गौला प्रत्यारोपण नि:शूल्क
- ४० बर्ष नाघेकाहरुलाई वर्षमा एक पटक निशुल्क स्वास्थ्य परीक्षण
- आयकरको दायरा बढाइयो
- एक परिवार १ विद्युतीय चुल्हो
- सहरी गरिबलाई अपार्टमेन्ट
- सरकारी पोसाक हेटौडाबाट उत्पादित कपडा

# भेटिएन
## हराएको जहाज



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १५ जेठ ।

पोखराबाट जोमसोमका लागि उडेको तारा एयरको विमान आइतबार बिहानदेखि बेपत्ता छ। आइतबार बिहान ९:५५ बजे पोखराबाट उडेको ट्वीन अटर विमान १२ मिनेटपछि सम्पर्कविहीन भएको हो ।

तारा एयरले विमान मुस्ताङको न्याउरीकोट, कोवाङ, लेते, घोडेपानी र टिटी ताल वरिपरि हुनसक्ने आशंका गरेको छ। त्यसै अनुसार खोजी कार्यमा नेपाली सेना, नेपाल प्रहरी तथा तारा एयरको उद्दार टोली परिचालित छ ।

तारा एयरले विज्ञप्ति निकालेर 'खोजीका लागि नेपाली सेनाको एमआई १७ र फिस्टेल एयरको हेलिकोप्टर पनि प्रयोग गरिएको' जानकारी दिएको छ। तारा एयरका अनुसार जहाजमा २ विदेशी, ४ भारतीय र १३ नेपाली यात्रु थिए। जहाजमा चालक दलका ३ सदस्य पनि थिए।

नेपाली सेनाका अनुसार हराएको जहाज धौलागिरि र मानापाथीमा भेटिने आशा छ । मानापाथी हिमालको पहिरोमा विमान भेट्ने आशा सहित सोमबार बिहानैदेखि खोजी गर्ने जनाइएको छ। स्थानीयले दिएको 'आगो बलिरहेको' सूचनाको आधारमा हवाई मार्ग र पैदल मार्गबाट टिम परिचालन गरिएको जनाइएको छ ।

नागरिक उड्डयन कार्यालय मुस्ताङका एयर ट्राफिक कन्ट्रोलर पुष्कल राज शर्मा नाउरिकोट भन्दा माथि टुकुचे क्षेत्रबाट विमान हराएको बताउँछन् । भन्छन्, 'लोकेट भएको छैन तर, नाउरिकोट भन्दा माथि टुकुचे क्षेत्र र कोवाङ भन्दा माथि विमान भेट्ने आशा गर्न सकिन्छ ।'

मुस्ताङका डिएसपी रामकुमार दानी धौलागिरि हिमालको आसपासमा विमान हराएको बताउँछन् । भन्छन्, 'सम्भावित ठाउँ धौलागिरि आसपासमा हुनुपर्छ, त्यसतर्फ खोजी केन्द्रित गर्दैछौं ।'

वैदेशिक रोजगार विशेष

## श्रम मन्त्रालय र प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट कटौती

# वैदेशिक रोजगारमा रहेकालाई विभिन्न अवसर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ जेठ

सरकारले वैदेशिक रोजगारीमा जाने कामदार हरुका लागि सामाजिक सुरक्षा र अन्य अवसर बढाएको छ। आगामी आर्थिक वर्ष २०७९/०८० का लागि अर्थमन्त्री जनार्दन शर्माले आइतबार संसद्को संयुक्त बैठकमा पेश गरेको बजेटमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम उल्लेख्य मात्रामा घटाइएको भए पनि वैदेशिक रोजगारमा रहेका कामदारलाई प्रत्यक्ष लाभ पुग्ने विभिन्न अवसरहरू सिर्जना गरिएको छ ।

वैदेशिक रोजगार व्यवसायीहरूले माग गर्दै आएको राहत तथा छुटका विषयमा भने बजेटले प्रत्यक्षरूपमा कुनै सम्बोधन गरेको देखिएको छैन।

श्रम मन्त्रालयका लागि ९ अर्ब ६ करोड २३ लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ। यो चालु आर्थिक वर्षको बजेटको तुलनामा करिब चार अर्ब ९३ करोड ७७ लाख कम हो । चालु आर्थिक वर्ष २०७८/०७९ मा श्रम मन्त्रालयका लागि १४ अर्ब रुपैयाँ बजेट विनियोजन गरिएको थियो । प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि ७ अर्ब ५ करोड बजेट छुट्याइएको छ । चालु आर्थिक वर्षमा उक्त कार्यक्रमका लागि १२ अर्ब बजेट छुट्याइएको थियो ।

सरकारले वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई स्वदेशमै उद्यमका लागि प्रोत्साहन गर्न 'च्यालेन्ज फन्ड' सञ्चालनमा ल्याउने घोषणा गरेको छ । परियोजनाका आधारमा सरकारले ऋण दिने बताएको छ। यस्ता व्यवसायका लागि भेन्चर क्यापिटलमार्फत् पुंजी व्यवस्थापन गरिने बजेटमा उल्लेख छ ।

बजेटले वैदेशिक रोजगारीमा गएका नेपालीलाई विभिन्न कम्पनीहरूले जारी गर्ने आईपीओमा १० प्रतिशतको कोटा प्रदान गर्ने व्यवस्था गरेको छ। यस्तै गैरआवासीय नेपालीलाई दोस्रो बजारमा लगानी गर्न सक्ने व्यवस्था गर्न नीतिगत व्यवस्था गरिने बजेट वक्तव्यमा उल्लेख छ ।

वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकले प्राप्त गर्दै आएको सेवालाई अनलाइन प्रणालीबाट प्रवाह गर्ने, टेलिमेडिसिन सेवा प्रदान गर्ने र उनीहरुलाई उत्पादनमूलक क्षेत्रमा लगानीका लागि सञ्चित कोष स्थापना गर्ने कार्यक्रम पनि बजेटमा छ ।

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित बनाइने, आवश्यकता अनुसार सीप प्रदान गर्ने, हाल काठमाडौंबाट प्रदान गरिँदै आएको श्रम स्वीकृति सबै ठाउँबाट अनलाइनमार्फत प्रदान गर्ने कार्यक्रम सरकारको बजेटमा समेटिएको छ।

बजेटले झन्डै एक दशकदेखि खाडीमा कार्यरत नेपाली श्रमिकहरुले उठाउँदै आएको सामाजिक सुरक्षा प्रत्याभूतिको माग सम्बोधन गर्दै वैदेशिक रोजगारमा रहेका नेपाली श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने घोषणा गरेको छ ।

स्थानीय तहसँगको सहकार्यमा खेतीयोग्य बाँझो जमिन पहिचान गरी रोजगार सूचना केन्द्रमा सुचिकृत बेरोजगारलाई कृषि उत्पादनमूलक कार्यक्रममा संलग्न गराउने भन्दै बजेटमा आगामी आर्थिक वर्ष प्रत्येक स्थानीय तहमा एक सय जनालाई न्यूनतम एक सय दिनको रोजागारी उपलब्ध गराउने लक्ष्य लिएको उल्लेख छ । चालु आर्थिक वर्षको हालसम्मको अवधिमा एक लाख २ हजारभन्दा बढीले सय दिनको रोजगारी पाएका छन् ।

सबै बेरोजगार युवाको योग्यता, क्षमता र सीपसमेत झल्किने गरी तथ्यांक अद्यावधिक गरिने, संघ प्रदेश र स्थानीय सरकारको सहकार्यमा सीपमूलक व्यावसायिक तालिम सञ्चालन गर्ने लक्ष्य बजेटले लिएको छ । सातै प्रदेशमा बहुउद्देशीय तालिम केन्द्र स्थापना गर्ने, श्रम अडिटलाई प्रभावकारी बनाउने, दैनिक ज्यालादारीमा श्रमिकलाई काममा लगाउँदा श्रमिकको हित रक्षाका लागि दुबै पक्षबीच करार गर्नुपर्ने व्यवस्था सरकारले गर्ने भएको छ ।

कर्मचारी आवश्यकता

यस म्यानपावर कार्यालयको लागि निम्न लिखित कर्मचारी आवश्यक भएको हुँदा ईच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नुहोला ।

Reception (Female) - 3
Document Section (Female) - 3
Office Secretary (Female) - 2
Ticketiing Officer (Female) - 1

तलब: आपसी समझदारीमा

सम्बन्धित काम मा दक्ष अंग्रेजी बोल्न लेख्न दक्ष । अफिस सेक्रेटरीको हकमा स्नातक र अंग्रेजी बोल्न सक्ने कम्प्युटर प्रोग्राम, फिटो सप राम्रो सग चलाउन आउने हुनुपर्नेछ।

Kankai Recruitment Suppliers Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal. Tel: 01-4954490
Mobile : 9851003485 Email: shivacentury2@gmail.com

# यौन हिंसाको उजुरी दिने हदम्याद बढाउन विधेयक

काठमाडौं/मस- सरकारले यौन हिंसाविरुद्ध उजुरी दिने हदम्याद बढाउन कानुन बनाउने तयारी थालेको छ। यौन हिंसामा परेकाले एक वर्षभित्र उजुरी दिनुपर्ने विद्यमान कानुनले पीडितले न्याय पाउन नसकेको आवाज उठिरहेका बेला सरकारले हदम्याद बढाउने गरी कानुन बनाउन लागेको हो।




यसका लागि आइतबार संघीय संसद सचिवालयमा विधेयक लगिएको छ। कानुन न्याय तथा संसदीय मामिला मन्त्री गोविन्दप्रसाद शर्माले यौन हिंसाको मुद्दामा हदम्याद बढाउनेसम्बन्धी विधेयक सचिवालयमा लगेका हुन्। यौन हिंसाका पीडितले उजुरी दिने हदम्याद नै राख्न नहुने पनि आवाज उठिरहेको छ। तर, सरकारले विद्यमान कानुनलाई संशोधन गरेर हदम्यादको समय बढाउने गरी विधेयक सचिवालयमा लगेको गरेको हो।

# स्वास्थ्य शिविरबाट १०२ वर्षीय महिलासहित ५५० जना लाभान्वित

**पवन जायसवाल/मध्यान्ह**
बाँके, १५ जेठ



बर्दियाको बढैयातालमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। गाउँपालिका-४ खैरेनीको क्षत्रनगरमा सम्पन्न आँखा तथा स्वास्थ्य शिविरमा १०२ वर्षकी वृद्धासहित ५ सय ५० जनाले स्वास्थ्य तथा आँखा परीक्षण गराएका थिए। बढैयाताल गाउँपालिका वडा नम्बर ४ र बढैयाताल युवा सञ्जालको समन्वयमा ग्रामीण आर्थिक सामाजिक उत्थान केन्द्रले कार्यक्रमको आयोजना गरेको हो।

ज्ञान ज्योति माध्यमिक विद्यालयको प्राङ्गणमा भएको शिविरमा २०४ जना महिला र ७० जना पुरुषको स्वास्थ्य तथा आँखा परीक्षण गरिएको थियो। यस्तै शिविरमा १९५ महिला र ८१ जना पुरुषको आँखा मात्रै परीक्षण गराएर निःशुल्क औषधिसमेत वितरण गरिएको थियो आयोजकले जनाएको छ। शिविरमा १०२ वर्षकी थारु महिलाले पनि स्वास्थ्य र आँखा परीक्षण गराएकी थिइन्।

निःशुल्क शिविरमा बढैयाताल गाउँपालिकाका प्रमुख हिमालय त्रिपाठी, वडा नं.-४ का वडाध्यक्ष नर बहादुर थापा, वडा सदस्यहरु रामलौटन चौधरी, रन्जित गाईन, धुर्बी थारु, ज्ञानज्योति माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लल्लुराम थारु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु राजकुमार महतरा, विजय थारु, समजसेवी गुरुप्रसाद योगीलगायतको सहभागिता रहेको थियो।

ग्रामीण आर्थिक सामाजिक उत्थान केन्द्रकी अध्यक्ष लता शर्माले शिविरका बारेमा प्रकाश पारेकी थिइन्। साथै उनले ज्ञानज्योति माध्यमिक विद्यालयका शिक्षक भद्र बहादुर घर्तिमगरलाई १६ प्रकारका औषधि रहेको प्राथमिक उपचार बक्स हस्तान्तरण गरेकी थिइन्।

कार्यक्रममा वडा नं.- ४ का अध्यक्ष नर बहादुर थापाले निःशुल्क आँखा तथा स्वास्थ्य शिविरबाट आफ्नो वडावासीलाई घर आँगन मै सेवा प्राप्त गर्ने अवसर दिएकोमा आयोजकलाई आभार प्रकट गरे।

शिविरमा नेपालगञ्ज मेडिकल कलेजका डा. मोहम्मद आजाम, डा. दिपक जायसवाल र नेत्ररोग विशेषज्ञ जीतेन्द्र कुमार वर्माले स्वास्थ्य परीक्षण गरेका थिए भने स्टाफ नर्सहरु स्मारिका श्रेष्ठ, सिमरन श्रेष्ठ र सिर्जना धौलाकोटीले स्वास्थ्य परीक्षणमा सहयोग गरेका थिए। यस्तै नितेश गिरी, राजेन्द्र बर्मा, निखिल जायसवालले औषधि वितरणको काम गरेका थिए।

कार्यक्रममा बढैयाताल युवा सञ्जालका अध्यक्ष शम्भु प्रसाद थारु, उपाध्यक्ष सुशीला थारु, सचिव शुकदेव थारु, सहसचिव धुनिराज चौधरी, कोषध्यक्ष प्रदीप थारु, सदस्यहरु जीवन थारु, कुदिरा तेली, फत्तेसिंह थारु, घनश्याम थारु, सुनिता थारु, रतुलाल थारु, सञ्चार प्रमुख प्रविण चौधरीले दिनभर स्वयमसेवकको भूमिका निर्वाह गरेका थिए। पूर्णिमा बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक बामदेव भट्टराई र श्रीधर गौतमको पनि सहभागिता रहेको शिविरमा बढैयाताल गाउँपालिका वार्ड नं.-४ क्षत्रनगर, खैरेनी, बुटहा, दक्षिणभकारी लगायतका सर्वसाधरणले सेवा लिएका थिए।

# कक्षा १२ को परीक्षा आजदेखि




**काठमाडौं/मस**-कक्षा १२ को परीक्षा आजदेखि शुरु हुँदैछ। राष्ट्रिय परीक्षा बोर्डका अनुसार सोमबारदेखि देशभर एकैसाथ परीषा शुरु हुन लागेको हो। बोर्डका अध्यक्ष डा महाश्रम शर्माले सोमबार बिहान ८ बजेदेखि परीषा शुरु हुने बताए। परीक्षा यही जेठ २५ गतेसम्म सञ्चालन हुनेछ। परीक्षामा करिब चार लाख १५ परीक्षार्थी सहभागी हुने जानकारी दिँदै बोर्डका अध्यक्ष डा शर्माले देशभरका एक हजार २९२ केन्द्रमा परीक्षा सञ्चालन हुने बताए।

उनका अनुसार ७७ जिल्लाकै सबै केन्द्रमा परीक्षा सुरु हुनुभन्दा आधा घण्टा अगाडि अनलाइनबाट प्रश्नपत्र पठाइनेछ। परीक्षा केन्द्रले प्रश्नपत्र फोटोकपी गरेर परीक्षार्थीलाई वितरण गर्नेछ।

विगत दुई वर्ष कोभिड महामारीका कारण विद्यार्थीले अध्ययन गरेकै विद्यालय (होम सेन्टर)मा परीक्षा सञ्चालन गर्दा अनलाइनबाटै प्रश्नपत्र पठाउने व्यवस्था गरेपछि यस वर्ष पनि प्रश्नपत्र अनलाइनबाट पठाउने व्यवस्था गरिएको हो।

तीन घण्टा सञ्चालन हुने परीक्षालाई शान्तिपूर्ण, मर्यादित, व्यवस्थितरुपमा सम्पन्न गर्न बोर्डका अध्यक्ष डा.शर्माले सबै सरोकारवाला निकाय तथा आमनागरिकमा आह्वान गरेका छन्। यसैबीच कक्षा ११ को परीक्षा पनि सोमबारदेखि नै सञ्चालन हुने भएको छ। कक्षा ११ को परीक्षा विद्यालयले नै सञ्चालन गर्न पाउने व्यवस्था गरिएकोले अधिकांश विद्यालयले आजदेखि नै परीक्षा सञ्चालन गर्ने भएका हुन्।

## बजेटको...

र वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ७२ अर्ब ७९ करोड ११.७ बराबरको व्यवस्था गरिएको थियो।

लगातार बढिरहेको बजेटको आकारलाई निरन्तरता दिएको सरकारले आगामी आर्थिक वर्ष ८ प्रतिशतको आर्थिक बृद्धिदर हुने लक्ष्य लिएको छ। मुद्रास्फीती भने ७ प्रतिशतमा सीमित राख्ने दावी गरिएको छ।

## लोक...

हस्तान्तरण गर्दै आएको छ। वित्तीय समानीकरण अनुदान प्रदेशमा ६१ अर्ब ४३ र स्थानीय तह १ खर्ब २३ करोड छ। ससर्त अनुदानतर्फ प्रदेशमा ५७ अर्ब १ ७ करोड र स्थानीय तहमा १ खर्ब ८३ करोड छ। समपुरक अनुदानतर्फ प्रदेशमा ६ अर्ब ३० करोड र स्थानीय तहमा ७ अर्ब २७ करोड छ। विशेष अनुदानतर्फ प्रदेशमा ४ अर्ब ५६ करोड, स्थानीय तहमा ९ अर्ब १४ र राजस्व बाँडफाँट तर्फ १६३ अर्ब ३ करोड रहेको छ।

स्थनीय तह र प्रदेश सरकारलाई बलियो बनाउन खोजेको सरकारले आसन्न प्रदेश र संघीय चुनावलाई ख्याल गर्दै सरकारले मतदाताको मन जित्ने प्रयास बजेट मार्फत गरेको छ।

सरकारले ७० बर्षमा दिँदै आएको बृद्धभत्तालाई ६८ वर्षमै पाउने व्यवस्था गरेको छ। जनता समाजवादी पार्टी (जसपा)का संघीय परिषद अध्यक्ष डा.बाबुराम भट्टराईले वृद्ध भत्ता दिने घोषणाको विरोध गर्दै आफू पनि वृद्धभत्ता नलिने घोषणा गरे।

'प्रशासनिक सुधारका सामान्य सुधार त छन्, तर हाम्रो ब्युरोक्रेसी, न्याय प्रशासन विकासमैत्री छैन। यसलाई परिवर्तन गर्ने ढंगका जुन रुपान्तरणकारी ढंगका योजना आउनुपर्थ्यो त्यो पनि आएका छैनन्' उनले भने। डा. भट्टराईले थपे, 'म पनि अब ६८ वर्ष पुग्दैछु। यो घटाउनु आवश्यक थिएन।'

उनले छरिएका सामाजिक सुरक्षा भत्ताभन्दा एकीकृत प्रकारको सामाजिक सुरक्षा आउनुपर्नेम नआएको भनी आलोचना गरे।

सरकारले ६८ वर्षमै वृद्ध भत्ता दिने जस्ता लोकप्रिय अन्य कार्यक्रमहरु पनि ल्याएको छ। कर्मचारीलाई खुसी बनाउन तलब १५ प्रतिशत बढाइदिएको छ।

यस्तै, आगामी आर्थिक वर्षबाट मिर्गौला रोगका विरामीले निःशुल्क मिर्गौला प्रत्यारोपण गर्न पाउने व्यवस्था गर्ने अर्थमन्त्रीले बताएका छन्। त्यसबाहेक, मिर्गौला, क्यान्सर र मेरुदण्ड पक्षघातका विरामीलाई मासिक ५ हजार उपचार खर्च उपलब्ध हुने व्यवस्था बजेटमा आएको छ।

त्यसैगरी, सबै किसिमका क्यान्सर रोग निदान भएका व्यक्ति र मेरुदण्ड पक्षघात भएका विरामीलाई पनि औधषी उपचार खर्च स्वरुप मासिक ५ हजार रुपैयाँ उपलब्ध गराउने अर्थमन्त्री शर्माले जानकारी दिए।

उनले आगामी आर्थिक वर्षको बजेट संघीय संसदमा प्रस्तुत गर्दै यस्ता विरामीलाई औषधी उपचार खर्च उपलब्ध गराउनको लागि १ अर्ब ५० करोड विनियोजन गरेको बताएका छन्।

यसैगरी,

बन्द रहेका सार्वजनिक संस्थानहरु सरकारले आगामी आर्थिक वर्षमा सञ्चालनको लागि आवश्यक वातावरण बनाउने कार्यक्रम बजेटमा समेटिएको छ।

शर्माले जनकपुर चुरोट कारखाना, कृषि औजार कारखाना, गोरखकाली रबर उद्योग, नेपाल मेटल कम्पनी, ओरियन्ट म्याग्नेसाइट, बुटवल धागो, वीरगञ्ज चिनी कारखाना, हेटौडा कपडा उद्योग उपयुक्त ढाँचामा सञ्चालनमा ल्याइने बताए।

यी सबै संस्थानहरु लामो समयदेखि बन्द छन्।

त्यसैगरी, सार्वजनिक पद धारण गर्ने व्यक्तिहरुले हेटौडा कपडा उद्योगबाट उत्पादित कपडाको पोसाक लगाउने व्यवस्था मिलाइने उनले बताए।

कृषि, खाद्यान्न, दुग्ध, औषधीजन्य, यातायात जस्ता क्षेत्रमा सञ्चालित सार्वजनिक संस्थानलाई पुनसंरचना गरी संघ, प्रदेश र स्थानीय तहको स्वामित्व स्थापित गरी सञ्चालन गर्ने व्यवस्था गर्ने अर्थमन्त्री शर्माले बताए। यस्तै, स्थानीय तहमार्फत एक परिवारलाई १ विद्युतीय चुल्हो उपलब्ध गराउने घोषणा सरकारले गरेको छ। सरकारले धुवारहित चुल्हो प्रवर्द्धन गर्नेसहितको कार्यक्रम बजेटमा ल्याइएको छ। त्यसैगरी, आगामी आर्थिक वर्षबाटै मुख्य प्रशासनिक क्षेत्र सिंहदरबारबाट एलपी ग्यास विस्थापन गर्ने र विद्युतीय चुल्हो प्रवर्द्धन गर्ने कार्यक्रम पनि बजेटमा उल्लेख भएको छ।

सरकारले सहरी क्षेत्रका गरिबलाई आपर्टमेन्ट उपलब्ध गराउने योजना ल्याएको। आगामी आर्थिक वर्षको बजेटमार्फत यो व्यवस्था गर्ने अर्थमन्त्री जनार्दन शर्माले बताए।

पेट्रोलियम पदार्थको मूल्य घटाइने

अर्थमन्त्री जनार्दन शर्माले पेट्रोलियम पदार्थको मूल्य घटाउने बताएका छन्। संसदमा बजेट प्रस्तुत गरिसकेपछि अर्थमन्त्रीले बजेट वक्तव्य भन्दा बाहिरबाट आफ्नो अभिव्यक्ति राख्दै पेट्रोलियम पदार्थको मूल्य घटाउने बताएका हुन्। यसअघि विभिन्न परियोजनाको लागि भन्दै पेट्रोलियम पदार्थमा थपिएको कर बजेटमा निरन्तरता दिइएको छैन। त्यसले पनि पेट्रोलिय पदार्थको मूल्यवृद्धि घटाउन सहयोग गर्ने छ।

शिक्षामा ७० अर्ब ५ करोड

सरकारले शिक्षा क्षेत्रका लागि ७० अर्ब ५ करोड रकम छुट्याएको छ। सरकारले शिक्षा क्षेत्रतर्फ प्रदेशमा ५ अर्ब ३२ करोड र स्थानीय तहतर्फ १ खर्ब २१ अर्ब १ करोड हस्तान्तरण गर्ने बजेटमा उल्लेख गरेको छ।

मेडिकल शिक्षाका लागि विदेशी विद्यार्थीको आकर्षण बढाउन मेडिकल कलेजहरुलाई प्रोत्साहन गर्ने नीति लिएको उनले बताए।

सरकारले प्रधानमन्त्रीको जिल्ला डडेलधुरामा मेडिकल कलेज स्थापनाको प्रक्रिया अघि बढाउने कार्यक्रम पनि बजेटमा ल्याएको छ।

बचाउ र विरोध

सत्तापक्षका अरु नेताहरुले भने बजेटको बचाउ गरेका छन्, संघयिता अनुसारको बजेट भनेका छन। प्रतिपक्षले चुनाव भड्काउने प्रयास भनेको छ।

नेकपा (एमाले)का सांसद खगराज अधिकारीले बजेटमा कुनै विश्वसनीयता नभएको बताए। बजेटले वित्तिय अनुशासन कायम गर्न नसकेको उनको भनाइ छ। उनले गेम चेञ्जर परियोजनाहरुलाई पनि कुनै सम्बोधन गर्न नसकेको बताए। 'यो बजेटमा कुनै विश्वसनीयता छैन। कार्यान्वयन गर्न ल्याएको बजेट पनि होइन। आर्थिक संकटलाई सम्बोधन गर्न सकेन। वित्तिय संकटहरुलाई सम्बोधन गर्न सकेन।' उनले भने।

'विकास परियोजनाका सम्बन्धमा समेत यसले जुन उचाइका साथ सम्बोधन गर्नुपर्ने थियो गर्न सकेन। वित्तिय अनुशासन कायम गर्न पनि सकेन। स्वास्थ बिमा प्राइभेट कम्पनीलाई दिएर जनस्वास्थ्यमाथि गम्भिर खेलवाड गर्‍यो' अधिकारीको टिप्पणी छ।

लोकतान्त्रिक समाजवादी पार्टीका सांसद लक्ष्मणलाल कर्णले निर्वाचनलाई केन्द्रीत गरेर पपुलिष्ट बजेट ल्याइएको बताए। बजेट कार्यान्वयन गर्न गाह्रो हुने र कुनैपनि कुरा पुरा नहुने उनको टिप्पणी छ।

एमालेकै सांसद भीम रावल बजेटले उपभोग नहुने बस्तुहरु आयात रोक्ने कुरा नगरेको बताउँछन्। कार्यक्रम कार्यान्वयन गर्ने क्षमता पनि सरकारसँग नभएको उनको टिप्पणी छ।

नेकपा माओवादी केन्द्रका सांसद वर्षमान पुन भने बजेटको बचाउ गर्छन। बजेटले कृषि क्षेत्रलाई प्राथमिकता दिएको उनले बताए। बजेटले उत्पादनमुखि अर्थतन्त्रातिर लगेको उनको भनाइ छ।सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्की बजेटले कृषि, उर्जा, पर्यटन र कनेक्टिभिटीलाई महत्वका साथ अगाडी बढाएको बताउँछन।अन्तर्राष्ट्रिय व्यापार असन्तुलनलाई पाँच वर्षभित्र अन्त्य गर्न जोड दिएको पनि उनको भनाई छ। बजेटले मुलुकको अर्थतन्त्रमा देखा परेको समस्यालाई सम्बोधन गर्ने उद्देश्य राखेको उनले बताए।

# गणतन्त्र दिवस मनाइयो

**काठमाडौं/मस-** १५ औं गणतन्त्र दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ।

दिवसको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारी सैनिक मञ्च टुँडिखेलमा आयोजना गरेको कार्यक्रममा सरिक भएकी थिइन्।

गणतन्त्र दिवस मूल समारोह समितिले आयोजना गरेको कार्यक्रममा उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री शेरबहादुर देउवा, कामु प्रधानन्याधीश दीपककुमार कार्की, प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटा, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सनासहित संवैधानिक निकायका पदाधिकारी, नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो।

नेपाली सेनाको हेलिकोप्टरबाट पृष्पवृष्टिसहित शुभारम्भ भएको सो कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका टुकडीले मार्च पास र राष्ट्रियभावका गीतमा संयुक्त ब्यान्ड प्रस्तुत गरेका थियो। समारोहमा 'मेरो टोपी कैलाशको शीरजस्तो...', बनेको छ पहराले यो छाती मेरो...' र 'धेरै छ गर्नु स्वदेशको सेवा नेपाली भन्नलाई...' बोलका गीत सङ्गीत गुञ्जिएका थिए। प्रतिकूल मौसमका कारण यसवर्ष विविध जाजातिगत झाँकी र प्रदर्शनी भने राखिएको थिएन।

जनताको बलिदानीपूर्ण संघर्षको फलस्वरुप २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको अन्त्य भई गणतन्त्रको घोषणा भएको थियो।

यसैबीच प्रधानमन्त्री शेरबहादुर देउवाले यसैवर्ष प्रतिनिधिसभा र राष्ट्रियसभाको चुनावसमेत सफलताका साथ सम्पन्न गरी मुलुकमा जनउत्तरदायी गणतन्त्रात्मक शासन व्यवस्थालाई थप सुदृढ गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन्।

पन्ध्रौँ गणतन्त्र दिवसका अवसरमा सैनिक मञ्च टुँडिखेलमा दिवसको मूल समारोह समितिले आयोजना गरेको कार्यक्रममा सम्बोधन गर्दै स्थानीय तहको निर्वाचन निष्पक्ष, स्वतन्त्र र शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न भएको र आम जनताबाट चुनिएका जनप्रतिनिधिहरुबाट मुलुकको शासन प्रणाली सञ्चालित भइरहेको बताए।

प्रधानमन्त्री देउवाले मुलुकले २००७ सालको राजनीतिक क्रान्ति र विभिन्न आन्दोलनको बलमा राजनीतिकरुपमा ठूलो फड्को मारेको, सङ्घीय शासन प्रणालीसहितको गणतन्त्रात्मक व्यवस्था अङ्गिकार गरेको र नेपालीहरु स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न एवं गणतान्त्रिक देशका नागरिक भएको उल्लेख गर्दैनेपाललाई एक समुन्नत र समृद्ध मुलुकका रुपमा अघि बढाउनुपर्ने दायित्वलाई सबै मिलेर पूरा गर्नुपर्ने खाँचो औँल्याए।

प्रधानमन्त्री देउवाले जनताका प्रतिनिधिले लेखेको संविधान जारी भई संविधानअनुसार शासन प्रणालीमा समावेशीता र समानुपातिक प्रतिनिधित्वका आधारमा सबै जनताको अर्थपूर्ण सहभागिता, स्वामित्व र अपनत्व स्थापित भएकाले नागरिकहरु बिनाकुनै बन्देज राजनीतिक, आर्थिक र सामाजिक क्रियाकलापमा स्वतन्त्ररुपमा सहभागी हुने अवसर पाएको बताए।

**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**शिक्षा विकास निर्देशनालय**
**सामाजिक विकास कार्यालय, सल्यान**

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः- ०७९/२/१६**

सामाजिक विकास कार्यलाय सल्यानबाट मिति २०७८ चैत्र २ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रित पूर्वक दर्ता भएका बोलपत्रदाताहरु मध्ये मूल्याङ्कन समितिको निर्णय अनुसार मिति २०७९/०२/०७ मा बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशन गरिएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम निवेदन प्राप्त भई पुन मूल्यांकन हुँदा तालिकामा उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र नं. | कामको नाम | बोलपत्र दाताको नाम | कबोल अंक रु. (मु. अ. कर बाहेक) |
|---|---|---|---|
| SDO/Salyan/Works/ NCB/01/078–079 | प्रशासनिक, प्रयोगशाला भवन तथा अन्य संरचना निर्माण कार्य। | पन्त आकृति जे.भी. | २,९८,८४,६२६.४५ |

**कार्यालय प्रमुख**

**शे-फोक्सुण्डो गाउँपालिका**
ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
**गाउँ कार्यपालिकाको कार्यालय**
**साल्दाङ, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०७९।०२।१६**

यस कार्यालयबाट प्रकाशित तपसिलमा उल्लेखित कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र दर्ता भएका बोलपत्र मध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्वीकृत गरिएको आशयको सूचना सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने सूचना जारी गरिएको छ।

**तपसिलः**

| बोलपत्र/ठेक्का/प्याकेज नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क.सहित) |
|---|---|---|---|
| SPRM/NCB/DOP/ WORKS/2078-079-7 | Constructions of 30 Toilets For 30 Houses | Sanke Nirman tatha Suppliers Kaike ga.pa 1,Dolpa | Rs. 4801671.18 |

**प्रमुख प्रशासकीय अधिकृत**

नदी रौतहटमा, कार्यालय बारामा

# दुई नगरपालिका बाढीको उच्च जोखिममा



**सत्येन्द्र प्रताप सिंह /मध्यान्ह**
जेठ, १५ रौतहट

रौतहटको राजदेवी र गौर नगरपालिका बागमती नदीमा आउने बाढीको कारण उच्च जोखिममा रहेको छ । जिल्लाको पूर्वतर्फ बागमती नदी र पश्चिमतर्फ लालबकैया नदीकोबीच भागमा रहेको गौर नगरपालिका र राजदेवी नगरपालिका बाढीको उच्च जोखिममा रहेको हो ।

राजदेवी नगरपालिकाको वडा नम्बर ३, ४ र ६ मा रहेको बाँध कटानको जोखिममा रहेको छ । समयमै मर्मत सम्भार नभए दुवै नगरपालिका बाढीको उच्च जोखिममा पर्ने स्थानीय बताउँछन् ।

सबैभन्दा बढी धनजनको क्षति पुऱ्याउने नदीको रुपमा चिनिने बागमती र लालबकैया नदी रौतहटमा रहेको छ तर त्यसको नियन्त्रण गर्ने जिम्मेवारी पाएका कार्यालय भने प्रमानिपुरमा छ ।

बर्खाको समयमा बाढी आउने डरले रौतहटबासी त्रसित हुने गर्दछन् । रौतहट जिल्ला बाढीको उच्च जोखिममा पर्ने जिल्ला मध्ये एक हो । वर्षातको आगमन हुनु भन्दा पहिला लालबकैया र बागमती नदीको बाँधको अवस्था अनुगमन गर्नु पर्नेमा जिम्मेवार कार्यालयको निष्कृयताको कारण अनुगमन र मर्मत सम्भार समेत हुन सकेको छैन । जसका कारण बागमती र लालबकैया नदीको बाँध कटानको उच्च जोखिममा पर्ने सम्भावना बढेको छ ।

गत वर्ष आएको बाढीको कारण राजदेवी नगरपालिका वडा नम्बर ४, ६ मा रहेको स्पर कटान गरेको थियो ।

राजदेवी नगरपालिका र गौर नगरपालिकाका आम नागरिकको जीवन र सम्पत्ति जोगाउनको लागि नियन्त्रण गर्ने कार्य गरिएपनि ठोस रुपमा स्पर निर्माण हुन् नसक्दा यसपटक आउने बाढीको कारण बाँधमा क्षति पुग्ने सम्भावना बढेर गएको स्थानीयहरुको भनाइ छ ।

समयमा बाँध तथा स्पर निर्माण गर्न सकिएन भने बसतपुर र राजदेवीमा रहेको बाँध भत्किन सक्ने खतरा बढेको छ ।

राजदेवी नगरपालिकाको नवनिर्वाचित नगरप्रमुख भिखारी प्रसाद यादवले वर्षातको मौसम भन्दा पहिला नै बाँध र स्परको मर्मत गर्नुपर्ने तर त्यो हुन नसकेको बताए ।

उनले जलस्रोत तथा सिँचाई मन्त्रालय, बागमती लालबकैया नदी नियन्त्रण कार्यालय जितपुरसँग आग्रह गरेको जनाए ।

बाढीको उच्च जोखिम हुने जिल्लामा सम्बन्धित कार्यालय राख्नु पर्नेमा सरकारको गलत नीतिको कारण अन्य जिल्लामा कार्यालय राखिएकोमा नदी नियन्त्रणको कार्यालय गौरमा राख्नुपर्ने उनको कथन रहेको छ ।

बाढीको मौसममा जुन सुकै बेला नदीको जोखिम बढ्न सकिने भएकोले समयमै नदी नियन्त्रणको लागि संघीय र प्रदेश सरकारले कदम चल्नुपर्ने मेयर यादवले बताए । बाढीको उच्च जोखिमबाट नगरपालिकाभित्रका जनताको जिउ, ज्यान धनजन जोगाउनको लागि पूर्व तयारी थालिएको मेयर यादवले बताए ।

भत्किन सकिने स्परको स्थलगत निरीक्षण अनुगमन गरी तत्काल गर्नुपर्ने उपाएको बारेमा सम्बन्धित निकायलाई ध्यानाकर्षण सहितको पत्राचार गरिएको नगर प्रमुख यादवले बताए ।

# नेपालगञ्जमा ७१ जनाद्वारा रक्तदान

**बाँके/मस-** नेपाल प्रेस युनियनले आफ्नो ३१ औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्र सम्पन्न गरेको छ । कार्यक्रममा ३८ जनाले रक्तदान गरेका छन् ।

प्रादेशिक रक्त सञ्चार सेवा केन्द्र नेपालगञ्जमा भएको कार्यक्रममा नेपालगञ्ज उप-महानगरपालिकाका नगर प्रमुख प्रशान्त विष्टले कार्यक्रमको उद्घाटन गर्दै रक्तदान जस्तो मानवीय कार्यलाई अझ व्यापकताका साथ गर्नुपर्ने बताएका छन् ।

शुक्रबार भएको कार्यक्रममा डा. राजन पाण्डेय, हिमबहादुर, प्रवीण गिरी, नेपाली कांग्रेस बाँकेका सचिव सुधान्शु कोइराला, रेडियो कृष्णसार एफ.एम. नेपालगञ्जका योगेश चौधरी, कुलेन्द्र बिश्वकर्मा, शमीरमान श्रेष्ठ, शमीर शाही, बिक्रम बुढाथोकी, बिनोद गौतम, महेश थारु, तगुरामथारु, यामु किरन, बिष्णु चन्द्र, रुपा गहतराज, बिनोद थारु,



कमल डागी, महेश बिसी, दुर्गा रोकाया, क्षेत्र बहादुर थापा, सादिका बागवान, उत्सव राना थारु, केशव बिष्ट, ईशा थापा, आशिका कुँवर, निरुता थारु, रुकुम सिंह, पूनम, हेमन्त डाँगी, ममता, मौसमी मल्ल, महेन्द्र पाण्डेय, कृष्ण प्रसाद सिग्देल, पवन पछाई, बीर बहादुर परियार लगायत ३८ जनाले रक्तदान गरेको प्रेस युनियन बाँकेका अध्यक्ष अर्जुन ओलीले जानकारी दिए । उनका अनुसार पत्रकार, चिकित्सक, स्वास्थ्यकर्मी, समाजसेवी, विद्यार्थी, सर्वसाधारण लगायतले पनि रक्तदान गरेका थिए ।

नेपालगञ्जस्थित कैलपाल हस्पिटल एण्ड कलेजका सञ्चालक रेवती सिंहको संयोजनमा विद्यार्थीहरु पनि रक्तदान गरेका थिए ।

'तयारी छोटो समयको भएपनि उल्लेख्य सहभागिता रहेको थियो, ईच्छुक थुप्रै रक्तचाप घटबढ र उमेरहदका कारण रक्तदान नगरि फर्कनु परेको थियो' उनले भने । बेलाबेलमा रगतको अभावको समस्या सृजना हुने भएकाले रक्तदान कार्यक्रको आयोजना गर्नुपरेको उनको भनाइ थियो ।

रगतको चरम अभाव भइरहेका बेलामा प्रेस युनियन बाँकेले गरेको रक्तदान कार्यक्रमले ठूलो राहत मिलेको प्रादेशिक रक्तसञ्चार केन्द्र नेपालगञ्जका प्रमुख उपेन्द्र रेग्मीले बताए ।

यसैबीच शुक्रबार नै माता बागेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड नेपालगञ्जले आयोजना गरेको रक्तदान कार्यक्रममा ३३ जनाले रक्तदान गरेका थिए ।


## Shivasatakshi Municipality
## Office of the Municipal Executive

**Province No. 1, Jhapa**

**Invitation for Quotations**

**3rd Date of publication: 2079/02/16 (30-May-2022)**

1. The Shivasatakshi Municipality invites sealed quotations for the Following procurement of goods.

| Contract ID | Description | Eastimated Amount (without VAT) | Bid doc Fee Nrs | Bid Security Nrs |
|---|---|---|---|---|
| SM/SQ/10/ 2078/079 | Procurement of steel parts and fixture for Trail Bridge, shivasatakshi municipality | 11,05,891.05 | 1000.00 | 31,500 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Shivasatakshi Municipality, Byangdada,Jhapa Ph no 023-470323, dms.shivasatakshimun@gmail.com***
3. A complete set of Bidding Documents may be purchased from the Shivasatakshi Municipality Byangdada,Jhapa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2079/02/23 (6-June-2022) during ***office hours***.
4. Sealed bids must be submitted to the office Shivasatakshi Municipality by *hand or Courier* on or before 12:00 noon on 2079/02/24(7-June-2022). Bids received after this deadline will be rejected.
5. The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00, 2079/02/24 (7-June-2022). the office of ***Shivasatakshi Municipality***. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting as mention above which shall be valid for 30 days beyond the validity period of the bid
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Khata a/c no. **3140010000161** on the behalf of Shivasatakshi Municipality at Mega Bank Nepal LTD ,Birtamod Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
   or
   Bidder who choose to submitt their bid security amount as Bid bond ,the bid bond should be issued from authorized and recognized commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. **Xerox** copy of bid bond is mandatory.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**For Chief Administrative officer**


# बबई गाउँपालिकाको कार्यपालिकामा एमालेको बहुमत



**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, १५ जेठ

दाङको बबई गाउँपालिकाको कार्यपालिकामा नेकपा एमालेले बहुमत प्राप्त गरेको छ ।

आइतबार भएको कार्यपालिका निर्वाचनमा एमालेका तर्फबाट ४ जना निर्वाचित र एक जना दलित तथा अल्पसंख्यक समुदाय अन्तरगत मनोनित भएसँगै गाउँपालिकाको कार्यपालिकामा एमालेले बहुमत प्राप्त गरेको हो ।

आइतबार भएको कार्यपालिकामा निर्वाचनमा नेकपा एमालेका तर्फबाट, शान्ति परियार, नोखी डाङ्गी, भिमा कुमारी बुढा र सावित्रा परियार निर्वाचित बनेका छन् ।

यस्तै, दलित तथा अल्पसंख्यक समुदाय अन्तर्गत नेकपा एमालेका तर्फबाट नारायण परियार र नेपाली कांग्रेसका तर्फबाट मोतिसरा विक मनोनित भएकी छन् ।

कार्यपालिका समिति १५ सदस्यीय हुने संवैधानिक व्यवस्था अनुसार बबईको कार्यपालिकामा गाउँपालिका अध्यक्ष कुल बहादुर खत्री क्षेत्री, उपाध्यक्ष बमकुमारी खड्का, ७ वटै वडाका वडाध्यक्षसँगै आइतबार निर्वाचित ४ जना सदस्य र मनोनित २ जना गरी जम्मा १५ सदस्यीय कार्यापालिका तयार भएको छ । बबई गाउँपालिकामा ३७ जना सदस्यमध्ये २० जना नेपाली कांग्रेसबाट र १७ जना सदस्य एमालेबाट निर्वाचित भएका थिए ।

# लमजुङमा टिपर दुर्घटना, ४ जनाको मृत्यु

**लमजुङ/मस-** लमजुङको मध्यनेपालमा टिपर दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ । मध्यनेपाल नगरपालिका वडा नम्बर ७ र ८ को सिमाना पर्ने कोइलेनी भन्ने स्थानमा बा ४ ख ७७८१ नम्बरको टिपर दुर्घटना भएको प्रहरीले जनाएको छ ।

मध्यपहाडी लोकमार्गअन्तर्गत भोर्लेटार सडक खण्डमा काम गर्दै आएको काष्ठमण्डप कन्स्ट्रक्सन प्रालिको टिपर दुर्घटना भएको हो । सडक आयोजनाका लागि ढुंगा ढुवानी गर्नेक्रममा



टिपर सडकबाट करिब ३० मिटर तल खसेको हो । दुर्घटनामा परि टिपर चालकसहित चार जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा परि मृत्यु हुनेमा टिपर चालक अन्दाजी २७ वर्षीय आकाश घिमिरेसहित सो आयोजनाका सुपरभाइजर र सहयोगी रहेका छन् ।

त्यसैगरी अन्य मृतक मध्ये सोही आयोजनाका सुपरभाइजर अन्दाजी ४५ वर्षीय उत्तम न्यौपाने रहेका छन् । अन्य दुई जना अन्दाजी २८ वर्षीय पारस शाह र अन्दाजी २५ वर्षीय रवीन्द्र सेढाई रहेका छन् । उनीहरूको नाम खुले पनि ठेगाना भने यकिन नभएको प्रहरीले जनाएको छ ।

# नदीमा डुबेर दुई जनाको मृत्यु

**धनगढी/मस-** कैलालीमा नदीमा डुबेर दुई जना बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा धनगढी उपमहानगरपालिका-३ विशालनगरका १२ वर्षीय बुष्णु गुप्ता र १० वर्षीय अनुप चौधरी रहेका जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

प्रहरीका अनुसार उनीहरू मध्ये चौधरी नदीमा डुबेपछि निकाल्न गएका गुप्ताको पनि डुबेर मृत्यु भएको हो ।

धनगढी उपमहानगरपालिका-३ स्थित धनगढीलाई कञ्चनपुरको राजघाट जोड्ने पक्की पुलमुनि मोहना नदीमा नुहाउने क्रममा डुबेर उनीहरुको मृत्यु भएको हो ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०७/१८ मा दर्ता भएको **प्रा.लि. नं. २२७४६५/०७६/०७७** को **दिव्या हाउजिङ्ग लि.**को मिति २०७९/०२/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटर: चक्र बहादुर थापा, इजाजतपत्र नं. ४५९**
**ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१०८२१५५**



मध्यान्ह
www.madhyanhadaily.com
१६ जेठ २०७९, सोमबार
30 May 2022, Monday

## सम्पादकीय

# खुशी बनाउने प्रयास

सरकारले आगामी आर्थिक वर्षका लागि बजेट ल्याएको छ । आर्थिक वर्ष २०७९/८० का लागि १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट ल्याएको छ । यो चालु आव भन्दा एक खर्ब भन्दा बढी हो । चालु आवका लागि सरकारले १६ खर्बको बजेट अध्यादेशबाट ल्याएको थियो । प्रतिनिधिसभा विघटन गरेकाले सरकारले अध्यादेशबाट ल्याएको प्रतिनिधिसभा पुनर्स्थापना पछि संशोधित बजेट ल्याइएको थियो । यो बर्ष भने नयाँ सरकार बनेपछि नियमित बजेट आएको छ । आगामी आर्थिक वर्ष चुनाव हुने भएकाले यसलाई चुनावी बजेट पनि भन्न सकिन्छ । किनकि आगामी मंसिरमा प्रदेश तथा प्रतिनिधिसभाको कार्यकाल सकिदैछ । त्यसैले आगामी आर्थिक वर्षको बजेटबाट सरकारले चुनाव गराउनुपर्ने दायित्व छ ।

चुनावी वर्ष भएकाले सरकारले लोकप्रिय बजेट ल्याउने प्रयत्न गर्नै नै भयो । प्रमुख विपक्षी दल नेकपा एमालेले भने सरकारले लोकप्रिय हुने प्रयासमा कार्यान्वयन नै हुन नसक्ने बजेट ल्याएको टिप्पणी गरेको छ । नीति तथा कार्यक्रमसँग मेल नखानेगरी सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेट विनियोजन नभएको समेत एमालेको प्रतिक्रिया छ । नीजि क्षेत्रले भने यसअघि जस्तै सन्तोष जनाएको छ । सरकार र सत्तारूढ दलका नेताहरूले भने यो बजेटलाई राम्रो रहेको प्रतिक्रिया दिएका छन् । त्यसका निम्ति चर्चा गरिएको बजेट हेर्दा पनि चुनाव केन्द्रीत हुन खोजेको लुक्दैन । किनकि सरकारले सबै पक्ष खुशी बनाउनेगरी बजेट विनियोजन गरेको छ । सामाजिक सुरक्षा र तलब बृद्धिलाई विशेष जोड दिइएको छ । बृद्ध भत्ताको उमेर हद घटाएर ६८ वर्ष कायम गरिएको छ भने सरकारी कर्मचारीको तलब १५ प्रतिशतले बढाइएको छ ।

आर्थिक बृद्धिदर ८ प्रतिशत पुग्ने लक्ष्य लिइएको छ भने महँगी ७ प्रतिशतकै रोक्ने दावी गरिएको छ । ३० प्रतिशतलाई रोजगारको नारा दिइएको छ । अन्य वितरणमुखी कार्यक्रमले बजेट भरिएको छ । यसले खर्च र आय स्रोतको व्यवस्था उचित हुन नसकेको टिप्पणी भइरहेको छ । मुख्यगरी मुलुक आर्थिक संकटमा रहेको भन्दै शनिबार र आइतवार सार्वजनिक विदा दिने निर्णय गरेको सरकारले आयात घटाउने कार्यक्रममा जोड दिने भनिएको छ । अर्कातिर दीर्घकालीन महत्वका कार्यक्रम समावेश गरेर बजेटलाई लोकप्रिय बनाउने प्रयास गरिएको छ । आवश्यकता प्राथमिकता बिर्सेर गरिने यस्ता कार्यक्रम हेर्दा चुनाव केन्द्रीत हुन खोजेको बुझ्न गाह्रो पर्दैन । तसर्थ, बजेटको मात्रै नभएर बजेटहरूकै समीक्षा आवश्यक छ ।

# स्थानीय निर्वाचनका संकेतहरू


*यस पटकको चुनावमा पनि तामझामसहितको कार्यकर्ताको लर्को र खानपिनको प्रतिष्पर्धा देखियो । यो जनमत आकर्षित गर्ने पुरानो विज्ञापन शैली हो । केही आधुनिक सामग्री र प्रविधिसहित, खासगरी स्पीकरहरूका चर्का ध्वनी पनि सुनिए । तर, त्यसले लोभ्याउने भन्दा पनि वाक्क दिक्क पार्ने मात्रै भूमिका खेले ।*

**अग्रलेख**



● लेखराज रेग्मी

जनताले प्रायोजित घोषणापत्रहरूमा खासै महत्व दिएनन्, आ-आफ्ना गाउँ समाजका परिचितहरूलाई आ-आफ्ना अनुभूतिका आधारमा मतदान गरे । समाज थोरै राजनैतिक आस्थाका आधारमा विभाजित छ, हो आस्थाका आधारमा, विचार दृष्टिकोण आस्थाभन्दा थोरै फरक रहेछ र विचारअनुसारको व्यवहार त्यति हेरिँदो रहेनछ । जनमत प्रचलित समाजको दिनचर्यामा देखिने व्यवहार र राजनैतिक प्रस्तुतिलाई फरक प्रश्नको रूपमा लिदोँ रहेछ । कथनी र करनी एउटै हुनुपर्छ भन्ने कुरा कमै मात्र स्थापित पाइयो । समाजमा मुखिया र पुरोहित जस्तै लामो समय जोडिएको र आस्थामा फेरिएको नेपाली कांग्रेस, लोकप्रिय नाराहरूले स्थापित एमाले वा बलपुर्वक सामाजिक हस्तक्षेप बढाइरहेको माओवादी कसैसँग पनि जनताले कथनी र करनीको एकत्व खोजेन । यो सामाजिक सम्बन्धको एउटा पाटो यस चुनावमा पनि देखियो ।



यस पटकको चुनावमा पनि तामझामसहितको कार्यकर्ताको लर्को र खानपिनको प्रतिष्पर्धा देखियो । यो जनमत आकर्षित गर्ने पुरानो विज्ञापन शैली हो । केही आधुनिक सामग्री र प्रविधिसहित, खासगरी स्पिकर हरूका चर्का ध्वनी पनि सुनिए । तर, त्यसले लोभ्याउने भन्दा पनि वाक्क दिक्क पार्ने मात्रै भूमिका खेले । यसपटक पनि वाक्य प्रतिष्पर्धा, सन्त्रास र अर्कोलाई होच्याएर आफ्नो पक्षमा जनमत पार्ने प्रयत्नहरूका भद्दा अभ्यासहरू भए । हामीसँग अर्को उपाय थिएन र यसैलाई चुनावी प्रचारको विधि बनाइयो ।

यसपटक पनि मनि मसल र भोजभतेरबाट मतप्रभावित गर्ने प्रतिष्पर्धाका कामहरू भए । मत जोगाउने नाममा कतिपय ठाउँमा अप्रिय घटनाहरू पनि घटे । मतदान र मतगणना प्रकृया प्रभावित गर्ने छलछाम तिग्डम र चलाकीहरू पनि अभ्यास गरिए । यी सबैको योगफलमा चुनावी नतिजा आए । जनताले आफ्नै विवेक कम प्रयोग गरेको र प्रभावित मत परिणाममा आधारित मत परिणाम कति प्रजातान्त्रिक पद्धतिको गहना बन्छहोला र यसलाई (चुनावलाई) र यस्तै विकृतिलाई सौन्दर्यकरण कति नैतिक हुन्छ होला ? बुर्जुवा संसदीय प्रणालीमा फरक सुन्दरताको त परिकल्पना गर्न पनि नसकिदो रहेछ । यो चुनावले पनि यहि नै पुनर्पुष्टी गरेको छ ।

यसपटकको चुनावमा केही नयाँपन (खासै नयाँ त होइन) देखिएको छ । प्रतिक्रियावादी व्यवस्थाको भण्डाफोर गर्न चुनावमा भाग लिनेहरूले आफैलाई भण्डाफोर गरेको दृश्य नयाँ थियो । मलाई भण्डाफोर नारा हो भन्ने लाग्दैन । तर भण्डाफोर कुन नारा नीति कार्यक्रमको विरूद्ध केन्द्रित हुने भन्दा भण्डाफोरलाई नै चुनावी नारा बनाएको स्थितिले मलाई तान्यो र मनोरञ्जन प्रदान गऱ्यो । त्यस्तै बहिष्कारको नाममा बहिष्करण अर्को विषय वन्यो । धेरैको गुनासोको रूपमा 'नो भोट' लाई मतपत्रमा स्थान नदिएर प्रचार र मतदानमा सहभागिताबाट नागरिकलाई बञ्चित गरिएको विषय रह्यो । यस्तो अनुपस्थिति र निस्कृयतालाई पहिराईदिएको बहिष्कारको जामाले कति बहिष्कारको मूल्य बोक्न सक्यो ? प्रश्न उब्जिएको छ । तर

*स्वतन्त्रहरूको पक्षमा काठमाडौं, धरान र धनगढी जानुले जनतामा पार्टीहरूप्रतिको धारणा बदलिँदै गरेको देखाउछ । संगठित आन्दोलनमा बावजुद काठमाडौंको मेयरमा किन जनताले बालेन्द्र साह 'बालेन'लाई चुने ? यो प्रश्नको जवाफ नखोजी निर्लज्ज पराजय स्वीकार गर्नु राजनीतिक दलहरू परिपक्क बनेनन् भन्ने देखिन्छ ।*

बाहिर बहिष्कार र भित्र भित्र लेनदेनका कुरा पनि सुनिए । यसमा त्यति चासो दिइएन, तर यस्तो कृयाकलापलाई बहिष्कारवादी संगठनहरूले अनुशासनको विषय बनाउलान कि नाई ?

सत्ताको विरूद्ध मोर्चाबन्दी जनआन्दोलनको गुण चरित्र हो । प्रतिगमनविरुद्धको आन्दोलनले यस्तै गठवन्धन बनाइदियो र यसैलाई सरकारको चावि थमाइदियो । आबधिक निर्वाचन यो गठवन्धनको टाइमलाइन हो । तर, राज्य संयन्त्रसहित यही गठबन्धनले चुनावि अभ्यास गर्नु बाध्यता रह्यो, यो कमजोर नैतिक धरातलको बाध्यात्मक अभ्यास थियो र यसले सकेसम्म नैतिक धरातल जोगाउन प्रयत्न गर्नुपऱ्यो । पछिल्लो चरणमा मैत्रिपूर्ण प्रतिष्पर्धाको कुरा पनि प्रवेश गऱ्यो । यसको विकृतिको रूपमा जसका विरूद्ध गठवन्धन हो उसैसँग तालमेल गरेर गठबन्धनकै पार्टीलाई हराउने र गर्व महसुस गर्ने पनि देखियो । परिणामभन्दा पनि यसले राजनैतिक नैतिकताको नराम्रोसँग खिल्ली उडायो । साथै, तालमेलविरूद्ध भोट स्विप अर्को ध्यानाकर्षणको विषय हो, यो इमानको प्रश्न हो ।

यी सबै विषयहरूलाई हेर्दा, पाइलै पिच्छे सबैतिर पश्चगमनका संकेतहरू देखापरिरहेका छन् । तर यसपटकको चुनावमा एमसीसी विरोधी नारा त्यति प्रभावकारी देखिएन । एमसीसी पक्षधर दलहरू नै परिणामलाई हेर्दा पुरस्कृत भएको पाइयो । नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले नगरमा आफ्ना सबै प्रतिद्वन्दीको जमानत जफ्त गरायो । यसले मूल्य र एजेण्डाको राजनीति कमजोर हुँदैन भन्ने पनि सन्देश दिएको छ । आफुलाई नेमकिपाभन्दा उम्दा दाबी गर्नेहरूका आधार खस्किँदै छन् अर्थात् मूल्यको राजनीति गर्न उनीहरू कमजोर देखिए । स्वतन्त्रहरूको पक्षमा काठमाडौं धरान र धनगढी जानु जनताले पार्टीहरूलाई कसरी बुझे भन्ने सवाल हो । विशिष्ट योगदान र साझा व्यक्तित्व कायम गर्नसक्नु धनगढी र धरानको सबल पक्ष हो । गुठी, सांस्कृतिक विशिष्टता र सामाजिक चेतनामाथि हुनु र संगठित आन्दोलनमा संलग्न हुनुका बावजुद काठमाडौंको मेयरमा किन जनताले बालेन्द्र साह 'बालेन'लाई चुने ? यो प्रश्नको जवाफ नखोजी निर्लज्ज पराजय स्वीकार गर्नु वा आफैले समर्थन गरेको कारण जितेको भन्ने जस्ता किंबदन्ति गढ्नु राजनैतिक दलहरूमा गम्भीरता छैन भन्ने कुराको प्रमाण हो । पार्टीहरू गम्भीर बन्दैनन् र यसको कार्य कारण सम्बन्ध निक्र्योल गरिदैन भने उनीहरूको भविश्य छैन भन्न सकिन्छ । "बालेन एक्लै सफल हुने छैनन्" भन्नुभन्दा यो जति अप्रिय छ त्यत्तिनै सही हो । उनको सफलता असफलता पृष्ठभागीय आधारमा भर पर्छ, खुल्दै जानेछन् । यसैले उनको जनसम्बन्ध र जनसमर्थनलाई पनि प्रभावित गर्ने छ । योभन्दा बढी बालेनबारे भनिहाल्न सकिँदैन । यो बाहेक पार्टीको उम्मेदवार चयन प्रकृया मै खोट रहने गरेको कुरा त्यसै पार्टीबाट बगावत गर्दै उमेदवारी दिनेहरूका सम्मानजनक मत र कतिपय ठाउँमा परिणाम प्राप्त गरेका उदाहरणले पुष्टी गरेका छन् र कतिपय स्थानमा गठबन्धनका बावजुद सक्षम योग्य र प्रभावशाली भनिएकाहरूका पराजयले पार्टीहरूको आन्तरिक जनवाद (लोकतन्त्र) मा गम्भीर प्रश्न उठाइ दिएको छ । यसबाट कति सिक्न सक्लान् दलहरू ? प्रश्न कायमै छ ।

मार्क्सवादी मान्यताका आधारमा जहाँ वर्ग छ, त्यहाँ द्वन्द्व छ र वर्गीय प्रतिनिधित्वको राजनैतिक उपस्थिति हुनु अनिवार्य छ । आज नेपालमा यही अभाव महसुस हुने गरी राजनैतिक परिस्थिति विकास भैरहेको देखिन्छ । यस दिशामा सर्वहारा पक्षधर तथा अगुवाहरूमा गम्भीर बहसको माग गरिरहेको स्थिति महसुस भैरहेको छ ।

## सामाजिक सञ्जाल



**- गोविन्दकुमार थापा**

यो देशमा राजनीति गर्ने कुनै इस्यू नै छैन भ्रष्टाचारले लछेप्रै भिजेको राज्य त्यसकै संरक्षक दलाल नेतासँग आफू र आफ्नाको कालो समृद्धि र दुष्कर्म बाहेकको भिजन छैन छ त ओल्टाई पल्टाई केवल २ खर्बको बृद्धभत्ता ! सिर्फ भोटको कमण्डलु यस्को अवैज्ञानिक वितरण नसच्च्याए यो हरेक शासकलाई गलपासो बन्छ ।



**- महेश पन्त**

२/४ वटा अबिरका बट्टा, फूलका थुगाँ, मैनबत्तिको बिक्री र सार्वजनिक बिदा बाहेक कुनैपनि तह र तप्कामा गणतन्त्रको महशुस न देशले पायो न त जनताले आजसम्म पायौं । २०६५ जेष्ठ १४ गते राती आएको गणतन्त्रलाई भोलिपल्ट दिनको उज्यालोदेखि ढोङ्गी सारथीहरुका गुट फुट लुटले चिमोठी रहेका छन् ।



**- टेक शर्मा**

नेपालको प्रतिव्यक्ति ऋणभार बढेर रू ६२,७०२/- पुगेको छ । आर्थिक वर्ष २०७४/७५ मा केबल रू ३२ हजार ३४६ रुपैयाँ मात्र थियो । हेर्नुहोस् यो ४ वर्षमा मात्र प्रतिव्यक्ति ऋणभार रू ३०,३५५/- ले बढेको छ । नागरिकले बोध गर्नेगरी उपलब्धि शून्य छ तर, ऋण चाहिँ थपिएको थपियै छ ।



**- कृष्ण अर्याल**

उपचारको नाममा करोडौं खर्च गर्न नेतालाई समस्या छैन तर, दूर्गम त के सुगम भनेको ठाउँमा पनि सर्वसाधारणलाई सिटामोल पाउन समस्या छ । आधुनिक गणतान्त्रिक युगमा नेताहरु युग परिवर्तनका चर्का, झर्का र लामा भाषण गरेर हामी नेपालीलाई मुर्ख सम्झेर वेवकुफ बनाइरहेका छन् । सायद गणतन्त्र भनेको यही होला ।



**- मुक्ति अर्याल**

बजेटको पूर्ण पाठ किन गर्नु परेको ? बिरालो बाँधे जस्तो पट्यार लाग्दो रटिरटाईको अर्थ के छ ? बजेट जतिबेला पढ्ने हो त्यति बेलै मन्त्रालयको वेभसाइटमा राख्दिने अनि संक्षेपमा ५-१० मिनेटमा स्लाइड बनाएर पढ्दिए समयको बचत । फरको सोच पटक्कै नआऊने ।

# बालेन पछाडिको अदृश्य शक्ति

**विचार**



● कौशल गोपालवंशी

चुनावको अघिल्लो दिनसम्म सबैतिर बालेन शाह भनेर चिनिने व्यक्ति चाहिँ चुनावपछि बालेन्द्र साह भनेर चिनिन थाले । समय बित्दै जाँदा बालेनले आम जनताबाट लुकाएर राखेका नाममा भएको थरसँगै अन्य धेरै तथ्यहरू बाहिर आउन थालेको छ । बालेन आफूलाई स्वतन्त्र उम्मेदवार भने पनि उनी एक पूर्वनिर्धारित गुरूयोजनामा पहिलो पत्रको रूपमा देखिन थालेका छन् ।

नेपाल मात्र होइन, विश्वको कुनै पनि देशमा राजनीतिक ब्याकग्राउण्ड नभएको वा कुनै समाज सेवामा एक प्रकारको जस नपाएको, कुनै स्वतन्त्र व्यक्तिले देशको राजधानीमा चुनाव जितेको शायदै कहिँ फेला पर्छन् होला । तर नेपालमा यो प्रवृत्तिको राजनीतिक परिवर्तन देख्न पाइएको छ । बालेनविरूद्ध सत्यतथ्यमा आधारित समाचार लेख्दा अनलाइनखबर नामक राष्ट्रियस्तरको मिडियाको लाखौं अनुयायी घट्नु कुनै सामान्य घटना होइन । चुनावको समयमा कुनै राष्ट्रियस्तरका मिडियाले कसैको पक्ष विपक्षमा सत्यतथ्यमा आधारित समाचार लेख्नु मिडियाको नागरिकप्रतिको कर्तव्य पनि हो । तर कुनै स्वतन्त्र व्यक्ति जसको नेपाल राजनीतिमा कुनै विशेष अनुदान पनि नभएको र कुनै उच्चस्तरको व्यक्तित्व पनि नभएको व्यक्तिको विरोधमा समाचार लेख्दैमा लाखौं लाख अनुयायी घट्नु भनेको एक अदृश्य शक्तिको प्रभाव हो भन्ने प्रष्ट हुन्छ । यसरी अनुयायी घटाउने काम कुनै विशेष प्राविधिकको समूह बाहेक अरू कुनै आमजनताले गर्न सक्दैन । प्रति मिनेट २/३ हजारको संख्यामा साधारण समाचारका लागि अनुयायी घट्नु भनेको कुनै साधारण कुरो होइन । यहाँबाट के प्रष्ट हुन्छ भने यी अदृश्य शक्तिले काठमाडौंको मेयरमा आफ्नो पात्र जिताउनका लागि कुनै कसर बाँकी राखेका थिएनन् ।

मिडियाले विरोध गरेमा उनको अनुयायी घटाउने रणनीति पनि पहिलादेखि नै तयार पारेको देखिन्छ । चुनावभन्दा पहिला बालेनलाई २० जनामा १ ले चिनेका थिएनन् होला तर, उनको प्रभाव एक्कासी कसरी बढ्यो भन्ने विषय अध्ययनकै विषय हो । बालेन पछाडिको शक्ति

*चुनावभन्दा पहिला बालेनलाई चिन्ने मान्छेहरू काठमाडौंमै निकै कम थिए । तर, आज उनको प्रभाव अनौठो गरि बढेको छ । उनको प्रभाव बढेसँगै प्रश्न उठेको छ, कसरी प्रभाव बढ्यो ? बालेनको पछाडि राजावादी शक्ति हो वा होइन यो कुरा त भन्न सकिन्न तर, बालेनको पछाडि पक्कै पनि ठूलो शक्ति रहेको भने मान्न सकिन्छ ।*

बालेनको परिवार शाही परिवारसँग नजिक भएकोले उनको समर्थन नै हो कि भन्ने सबैलाई लागेको थियो । बालेनको पछाडि राजावादी हो वा होइन यो कुरा त भन्न सकिन्न तर, बालेनको पछाडि पक्कै पनि राष्ट्रलाई परिवर्तनको दिशामा लैजाने ठूलो शक्ति रहेको देखिन्छ ।

अब बालेनलाई मोहडा बनाएर एउटा राजनीतिक पार्टी स्थापना हुने निश्चित देखिन्छ । बालेनले दिएको अभिव्यक्तिले पनि सोतर्फ संकेत गरेका छन् । अबको ४/६ महिनाभित्रमा काठमाडौंमा एउटा राजनीति पार्टी स्थापना हुनसक्छ । ती पार्टीका सबै अनुहार नयाँ हुनेछन्, तिनीहरू भित्रमा पूर्ण प्रशिक्षित हुनेछ र प्रायः सबैको नेपाली राजनीतिको पहिलो अनुभव हुनेछ । यो पार्टीले बिना कुनै आन्दोलन गरी नेपालमा ठूलो राजनीतिक जग खडा गर्ने देखिन्छ । प्रायः पार्टीले नेपालमा ठूल-ठूला राजनीति परिवर्तनको लागि आन्दोलन गरेर आफ्नो जग बनाउन सफल भएका छन् तर, यो पार्टीले एक अनौठो तरिकाले आफ्नो जग बनाउने छ । यो पार्टीले जनतामा भएको आक्रोशलाई आफ्नो शक्ति र यसलाई राजनीतिक मुद्दा बनाउने छ । जब-जब देशमा भ्रष्टाचारले चरम सीमा पार गर्छ तब-तब नयाँ शक्तिको जन्म हुने गर्छ । जनतामा अहिलेको नेतृत्वप्रति भएको आक्रोशले नेपालभरि यो पार्टीलाई जनतासम्म आफ्नो पकड बनाउन सहयोग गर्नेछ । अहिलेको राजनीतिक पार्टीहरूले अवहेलना गरेको जनताको आक्रोश यो पार्टीको शक्ति बन्ने छ । कोरोना भाइरस जस्तो यो पार्टी नेपालभरि फैलिनेछ । जनता एउटा विश्वासिलो शक्तिको पर्खाइमा रहेको बेलामा यो राजनीतिक पार्टी एउटा विकल्प बन्ने देखिन्छ । यी पार्टी सम्भवतः आउँदो प्रतिनिधि र प्रदेश सभाको चुनावसम्म आफ्नो तयारी पूरा गरेर सबै क्षेत्रमा उम्मेदवारी दिनेछ । आउँदो प्रतिनिधि र प्रदेशसभाकै चुनावमा धेरै ठाउँमा वर्तमान राजनीतिक दलहरूले हार व्यहोर्ने सम्भावना छ । सधैं एउटै अनुहार, जति गल्ती र भ्रष्टाचार गरेपनि पार्टीको टिकट तिनैलाई दिने प्रवृत्तिको पनि अन्त्य हुने देखिन्छ ।

बालेनको पुर्ख्यौली तराईमा भएकोले तराई पनि बालेनको पार्टीले चाँडै आफ्नो पकड बनाउने देखिन्छ । कहिले देशले त कहिले मधेशकेन्द्रित राजनीतिक दलको स्वार्थले आक्रान्त तराई-मधेशका जनताले पनि यो पार्टीलाई खुलेर समर्थन गरेको देखिन्छ । यो पार्टीले शुरूवातमै नेपालमा मधेशप्रति विभेद नगरेको ठोस प्रमाणको रूपमा बालेनलाई अगाडी सारेपछि, जसले तराईमा मात्र नभएर अन्तरजातीय, भौगोलिक, धार्मिक र सांस्कृतिक विभेदको अन्त्य गरेको देखाएपछि पहिलादेखि यिनै विभेदलाई बढावा दिएर राजनीति गर्नेहरूको राजनीति जरैदेखि उखेलेर फालिनेछ । जो वर्तमान अवस्थामा नेपालका लागि एकदम जरूरी पनि देखिन्छ । यसरी बालेनको पार्टीलाई तराई, पहाड, हिमाल सबै ठाउँको जनताले साथ दिने देखिन्छ । यसको प्रमाणको रूपमा नेपालको विभिन्न ठाउँमा स्वतन्त्र उम्मेदवारले लिएको अग्रता र जीतलाई लिन सकिन्छ । जनताको राजनीतिक दलमाथिको अविश्वासलाई स्वतन्त्र उम्मेदवारले आफ्नो शक्ति बनाएको कुरा यो चुनावमा प्रष्ट देखियो । यसरी साथ जनतको पाएको नयाँ पार्टीले नेपालको वर्तमान व्यवस्थासमेत परिवर्तन गर्ने देखिन्छ । भ्रष्ट शासन प्रणालीबाट पीडित जनताले फेरि पनि शासन पद्धतिको परिवर्तनको पक्षमा उभिने प्रष्ट देखिन्छ । अब यसरी सत्ता र शासन परिबर्तन हुँदा नेपालमा फेरि राजा शासन आउने हो कि भन्ने विषयमा नाई भन्न सक्ने अवस्था चाहिँ छैन । **मधेशवाणी**

# २८ करोड घट्यो खेलकुद बजेट



**काठमाडौं/मस -** सरकारले युवा तथा खेलकुद मन्त्रालयलाई २ अर्ब ४६ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। अर्थमन्त्री जनार्दन शर्माले संसदमा आगामी आर्थिक वर्ष २०७९/८० को बजेट पेश गर्दै उक्त रकम बजेट विनियोजन गरेको जनाएका हुन्। आगामी आर्थिक वर्षका लागि खेलकुद मन्त्रालयको बजेट भने घटेको छ।

चालू आर्थिक वर्षमा सरकारले युवा तथा खेलकुद मन्त्रालयलाई २ अर्ब ७४ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो। यस हिसावले आगामी आर्थिक वर्षका लागि मन्त्रालयको बजेट २८ करोडले घटेको हो।

सरकारले खेलकुदको कार्यकारी निकाय राष्ट्रिय खेलकुद परिषद्लाई २ अर्ब ९ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। यस्तै नयाँ आर्थिक वर्षमा खेल पूर्वाधारमा ८७ करोड रुपैयाँ बजेटको विनियोजन गरिएको छ।

सरकारले खेलकुद पर्यटन प्रवर्द्धनका लागि सार्वजनीक नीजि साझेदारीमा शाहसीक तथा पर्वतीय खेलकुदका पूर्वाधार निर्माण तथा सञ्चालन गर्न प्रोत्साहन गरिने व्यवस्था बजेटमा गरेको छ। जुम्लाको कोप्लापाटन लगायतका स्थानमा हाइअल्टिच्युड एण्ड स्पोर्टस सेन्टर स्थापना गर्न बजेट विनियोजन गरिएको छ।

यस्तै सरकारले कीर्तिपुर अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा फ्लर्ड लाइट जडान गर्ने प्रक्रिया अघि बढाउने भएको छ। यसैगरी राष्ट्रिय गौरबको आयोजनाका रुपमा रहेको मूलपानी क्रिकेट मैदानलाई यो आर्थिक वर्षमा सम्पन्न गर्ने बजेटमा उल्लेख गरिएको छ।

चितवनमा अहिले अलपत्र परेको निर्माणाधिन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट मैदान केन्द्र र प्रदेश सरकारको समन्वयमा पूरा गर्ने कुरा पनि बजेटमा उल्लेख गरिएको छ। फाप्ला मैदानका लागि बजेट छुट्याइएको छ भने कोहलपुर मैदानका लागि पनि बजेट विनियोजन भएको जनाइएको छ।

यसैगरी नेपालमा विदेशी फ्रेन्चाइज प्रतियोगिता आयोजना गर्नका लागि प्रोत्साहन गर्ने उल्लेख गरिएको छ। गण्डकी प्रदेशमा असोज २८ गतेदेखि कर्तिक ३ गतेसम्म आयोजना हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि आवश्यक पर्ने बजेट विनियोजन भएको पनि अर्थमन्त्री शर्माले बताएका छन्।

सरकारले स्थानीय तह खेल ग्राम कार्यक्रमलाई निरन्तरता दिदै बाँकेको कोहलपुरमा महिला क्रिकेट एकेडेमी निर्माण र रंगशालाका लागि आवश्यक बजेट विनियोजन गरेको बताएको छ। अर्थमन्त्री शर्माले खेलकुद संघको संस्थागत क्षमता विकास गरि खेलकुद प्रतियोगिता आयोजनामा खेल संघको भुमिका प्रभावकारी बनाईने उल्लेख गर्दै खेल संघलाई दिदै आएको अनुदानलाई वृद्धि गरिएको बताएका छन्।

सरकारले खेलाडी र प्रशिक्षकको क्षमतालाई अभिवृद्धि गर्दै खेलाडीलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिएको बताएको छ। सरकारले अन्तराष्ट्रिय तथा राष्ट्रिय खेलकुदमा प्रतियोगितामा सहभागी सम्पुर्ण खेलाडीको विमाको प्रबन्ध गरिने व्यवस्था बजेटमा मिलाएको छ।

# तीर्थ र पूर्णिमायालाई एभरेष्ट म्याराथनको उपाधि

**काठमाडौं/मस-** तीर्थबहादुर तामाङले आइतबार तेन्जिङ हिलारी एभरेष्ट म्याराथनको उपाधि जितेका छन्। तेन्जिङ नोर्गे शेर्पा र सर एडमन्ड हिलारीले पहिलो पटक सगरमाथाको सफल आरोहण गरेको दिन मे २९ को अवसरमा प्रत्येक वर्ष आयोजना हुने विश्वकै सर्वाधिक उचाईको म्याराथनमा तामाङले तीन घण्टा ५१ मिनेट ०९ सेकेन्डमा निर्धारित दुरी पार गर्दै उपाधि जितेका हुन्।



म्याराथन सगरमाथा आधार शिविरबाट शुरु भएर नाम्चे बजारमा आएर सम्पन्न भएको थियो। १७औँ संस्करणको म्याराथनमा नेपालकै राजकुमार राजभण्डारीले तीन घण्टा ५१ मिनेट ३९ सेकेन्डमा दुरी पार गरी उपविजेता बने। तीन घण्टा ५३ मिनेट १० सेकेन्डमा निर्धारित दुरी तय गरेका नेपालकै सुमन कुलुङले तेस्रो स्थान हासिल गरे।

विदेशीतर्फ स्विट्जरल्यान्डका बर्नहाड जिन्जरले पाँच घण्टा ५१ मिनेट ३७ सेकेन्डमा दुरी पूरा गर्दै पहिलो स्थान हासिल गरे भने रोमानियाका डार्गोस मुन्टियानुले ६ घण्टा १ मिनेट २० सेकेन्ड तथा बेलायतका बेन्जामिन सिन्क्लेयरले ६ घण्टा २१ मिनेट ११ सेकेन्डमा निर्धारित दुरी पार गरेर क्रमशः दोस्रो तथा तेस्रो स्थान हासिल गरे।

महिलातर्फ खुल्ला म्याराथनमा नेपालकी पुर्णिमाया राईले पाँच घण्टा १९ मिनेट १५ सेकेन्डको टाइमिङका साथ पहिलो स्थान हासिल गर्दा नेपालकै अमलधानी राईले पाँच घण्टा ३९ मिनेट ०१ सेकेन्डमा दुरी पूरा गर्दै दोस्रो स्थान हासिल गरिन्। नेपालकै सेविका राईले पाँच घण्टा ४४ मिनेट १९ सेकेन्डमा निर्धारित दुरी पार गर्दै तेस्रो स्थान हासिल गरिन्।

त्यस्तै खुल्ला हाफ म्याराथनमा जर्मनीकी भेरिना स्लिमेइरर तीन घण्टा ६ मिनेट ३४ सेकेन्डमा निर्धारित दुरी तय गर्दै पहिलो हुँदा रोमानियाकी एलिना फेर्तु तीन घण्टा २८ मिनेट १७ सेकेन्डको टाइमिङका साथ दोस्रो भइन। यही विधामा तेस्रो स्थान भने जर्मनीका पुरुष धावक डाइटमार स्टुवले हासिल गरे। उनले तीन घण्टा ३० मिनेट १९ सेकेन्डमा निर्धारित दुरी पार गरेका थिए।

एभरेस्ट एक्सटिङ ६० किलोमिटर अल्ट्रा दौडको शीर्ष तीन स्थान नेपाली धावकले हासिल गरे। अर्जुन राई कुलुङ सात घण्टा चार मिनेट ३५ सेकेन्डको टाइमिङका साथ च्याम्पियन हुँदा गोपाल तामाङले सात घण्टा ३९ मिनेट ३२ सेकेन्डमा निर्धारित दुरी तय गर्दै दोस्रो भए। त्यस्तै दूर्गाराज बुढाले सात घण्टा २९ मिनेट ३३ सेकेन्डको टाइमिङका साथ तेस्रो स्थान हासिल गरे।

एक्सट्रिम अल्ट्रा ६० किलोमिटर दौड, खुल्ला म्याराथन र महिला खुल्ला म्याराथनका विजेताले समान एक लाख रुपैयाँ पुरस्कार पाउँदा उपविजेताले ७५ हजार तथा तेस्रो हुनेले ५० हजार रुपैयाँका दरले पाए। यसैगरी विदेशीतर्फको म्याराथन र हाफ म्याराथनका विजेताले जनही ५० हजार, उपविजेताले जनही ३५ हजार र तेस्रो हुनेले २५ हजार रुपैयाँका दरले पुरस्कार हासिल गरे।

एक सय २७ विदेशी तथा ६६ नेपाली गरी कुल एक सय ९३ जना धावकको सहभागिता रहेको प्रतियोगितामा सबभन्दा धेरै बेलायतबाट ३३ तथा अमेरिकाबाट १८ धावकले भाग लिएका थिए। सहभागीमध्ये १३ वर्षका भारतीय किशोर साई सुधिर काउडे पनि थिए। त्यसै गरी फुल म्याराथनमा १ सय ५४ जना, एक्सट्रिम अल्ट्रामा १५ जना र हाफ म्याराथनमा २१ जनाको सहभागिता थियो।

# रियललाई च्याम्पियन्स लिगको उपाधि

**काठमाडौं/एजेन्सी-** स्पेनिस क्लब रियाल मड्रिड पुनः एकपटक च्याम्पियन्स लिग विजेता बनेको छ। यससँगै रियाल निर्विवाद युरोपियन फुटबलको सबैभन्दा सफल क्लब बन्न सफल भएको छ।




युरोपियन क्लब फुटबलको सबैभन्दा प्रतिष्ठित प्रतियोगिता दर्शकको हुलदंगाका कराण पुनः एक पटक कलङ्कित बनेको छ। त्यसका बाबजुद रियालले शनिबार राति प्रिमियर लिगको क्लब लिभरपुललाई १-० ले हराउँदै च्याम्पियन्स लिगको उपाधि जितेको हो। रियालको यो १४औं च्याम्पियन्स लिग उपाधि हो।

पेरिसको स्टेट डी फ्रान्स रंगशालामा रियलको जितमा भिनिसियस जुनियरले ५९औं मिनेटमा गरेको गोल निर्णायक बन्यो। उनले फेडरिको भाल्भार्डेको क्रसलाई पोष्टको दिशा दिएका हुन्।

४४औं मिनेटमा रियालका फरवार्ड करिम बेन्जिमाले गरेको गोललाई रेफ्रीले अफसाइड घोषित गरिदिएका थिए। लिभरपुलको थुप्रै अवसरमा रियालका गोलकिपर थिबाउट कोर्तुवा तगारो बने। कोर्तुवाले मोहमद सलाह, साडियो मानेका थुप्रै प्रयासलाई विफल बनाइदिएका थिए।

यससँगै रियलका प्रशिक्षक कार्लो एन्सेलोट्टीले चौथो पटक च्याम्पियन्स लिगको उपाधि जिते। यससँगै उनी सबैभन्दा धेरै पटक च्याम्पियन्स लिग उपाधि जित्ने प्रशिक्षक बन्न सफल भएका छन्।

यसअघि एन्सेलोट्टीले रियालबाट एक र एसी मिलानका लागि दुई पटक च्याम्पियन्स लिग उपाधि जितेका थिए। उनले यसपटक रियालबाट स्पेनिस ला लिगाको उपाधि पनि जितेका थिए।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०२/१६

यस कम्पनीको मिति २०७९/०२/०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी **एम. बि. एस ट्राभल एण्ड टुर्स प्रा.लि. (प्रा.लि. नं. १३३११६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ट्रेल विल्डर्स नेपाल एडभेन्चर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०२/१६**

**एडुकेसन सिटी प्रा.लि.** को मिति **२०७९/०१/१३** गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नोबेल गुरुज काठमाडौं प्रा.लि. (प्रा. लि. नं.: १३७४८०)**, कायम गर्ने गरी मिति **२०७९/०२/१३** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**बागमती प्रदेश सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगनखेल, ललितपुर**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७९/०२/१६ गते**

यस विज्ञ केन्द्रबाट मिति २०७८/१२/२० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार पशुपन्छी तथा मत्स्यपालनमा प्रयोग हुने यन्त्र उपकरण आपूर्ति सम्बन्धी शिलबन्दी बोलपत्र आव्हान गरिएका मध्ये तल उल्लेखित बोलपत्र न्यूनतम मूल्यांकीत सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि मिति २०७९/०२/१३ गतेको निर्णयानुसार छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोलपत्र आव्हानको सूचना प्रकाशित मिति | बोलपत्र नं. | कामको विवरण | छनौट आएको बोलपत्रदाता | कबोल अंक |
|---|---|---|---|---|---|
| १ | २०७८/१२/२० | IFBNo.VHLEC/ Lalitpur/ NCB/ Goods/ 01/078-079 | Procurement and supply Livestock Equipment | लाल ट्रेडिंग कम्प्लेक्स काठमाडौं | रु. ४६,८७,१३४/४९ मू.अ. कर समेत |

**Provincial Government**
**SudurPaschim Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Sanfebagar, Achham**

## Letter of Intent

**Date of publication: 2079/02/16 (30 May, 2022)**

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063 and the instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| S. No. | Contract Identification No. | Name of Project | Name & Address of Bidder | Bid Price (Including VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDO/ACHHAM/NCB/ W/Bri/03/2078/079 | Construction of Baldekhola RCC Motorable Bridge, Ramarosan Rmun Achham. | Indradhanu Achhaam Nirman Sewa, Tikapur, Kailali. | 40,150,548.00 |

**Senior Divisional Engineer**


# साउदीमा रोजगारको अवसर

कम्पनी : **SPECIALIZED HOSPITAL BRANCH OF INTENSIVE CARE INVESTMENT COMPANY** शहरः ABHA
पूर्व स्वीकृत मितिः २०७८/११/२२ चलानी नं.: ६०१७५४६५ L.T. No.: 258425 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | NORMAL WORKER | 0 | 6 | स. काममा दक्ष | 1300 | ४२,९१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २३ गते (6 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.** श्रम इजाजत नं. ८४५/०६६/०६७
सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४३८८३८०, ४३८२५३३, फ्याक्सः ४३८८३८१

# युएईमा रोजगार

कम्पनी : **DEYAAR FACILITIES MANAGEMENT LLC** शहरः UAE
पूर्व स्वीकृत मितिः २०७९/०२/१३ चलानी नं.: ६०१७९८८९ LT. No.:263605

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 150 | स. काममा दक्ष | 900 | ३०,३३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २३ देखि २७ गते सम्म (6 to 10 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**LIFE KEY OVERSEAS PVT. LTD**
Gov. Lic No. 1431/074/075
Bausndhara, Kathmandu, Nepal. Tel : 01-4353654, 4351873. Mobile: 9841969451, 9801230913, 9851171058
E-mail : lifekeyoverseas@gmail.com, Web : www.lifekeyoverseas.com.np

# साउदीमा रोजगार

कम्पनी : **HAMED BIN ABDULLAH BIN SULAIMAN AL-MANEA AND TRADING CO.** शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०८/१४ चलानी नं.: ६०१६९१७३ L.T. No.: 252386 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hvac Technician/operation And Maintenace | 8 | 0 | स. काममा दक्ष | 1800 | ५९,४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २३ गते (6 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

# साउदीमा रोजगार

कम्पनी : **Manal Al-Humaidi Mater Al-Shammari Commercial Grocery** शहरःRiyadh
पूर्व स्वीकृत मितिः २०७९/०२/१३ चलानी नं.: ६०१७९९२४ L.T. No.:263478

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २३ गते (6 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**New Light International Pvt. Ltd.**
Govt.Lic.No. 1403/074/075
Samakoshi, Kathmandu, Tel.: 97701-4380173-4384185 /9813065702/9841039034/ 9851045653/9841071786/9862013933 | Email: info.newlight1403@gmail.com

## आगामी वर्षका लागि १७ खर्ब ९३ अर्ब ८३ करोड बराबरको बजेट

# के छन्, प्राथमिकता ?

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १५ जेठ ।

अर्थमन्त्री जनार्दन शर्माले आगामी आर्थिक वर्षका लागि १७ खर्ब ९३ अर्ब ८३ करोड रुपैयाँ बराबरको बजेट आइतबार संसद्मा प्रस्तुत गरे । जसमध्ये चालु खर्चतर्फ ४२ प्रतिशत अर्थात् ७ खर्ब ५३ अर्ब ४० करोड रुपैयाँ र पुँजीगत खर्चतर्फ २१.२ प्रतिशत अर्थात् ३ खर्ब ८० अर्ब ३८ करोड रुपैयाँ विनियोजन गरेका छन्। साथै वित्तीय व्यवस्थापनतर्फ १२.८ प्रतिशत अर्थात् २ खर्ब ३० अर्ब २२ करोड रुपैयाँ विनियोजन गरिएको अर्थमन्त्री शर्माले बताएका छन् ।

प्रदेश तथा स्थानीयतर्फ वित्त हस्तान्तरणमा ४ खर्ब २९ अर्ब ८३ करोड अर्थात् २४ प्रतिशत छुट्याइएको छ। आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये राजस्वबाट १२ खर्ब ४० अर्ब ४१ करोड र वैदेशिक अनुदानबाट ५५ अर्ब ४६ करोड बेहोरिने सरकारको भनाइ छ। २ खर्ब ५६ आन्तरिक ऋण उठाउने भनेको सरकारले ५५ अर्ब ४६ करोड वैदेशिक अनुदान लिने छ। त्यसपछि बाँकी स्रोत पूर्तिका लागि २ खर्ब ४२ अर्ब २६ करोड रुपैयाँ वैदेशिक ऋण लिइने अर्थमन्त्री शर्माले बताएका छन्।



### कृषि क्षेत्र प्राथमिकतामा

आगामी आवको बजेटले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्ने कोशिष गरेको देखिन्छ। उत्पादनमा आधारित अर्थतन्त्रको विषयलाई महत्व दिन खोजिएको छ। कृषि क्षेत्रका लागि ५५ अर्ब ९७ करोड बजेटको व्यवस्था गर्दै अर्थमन्त्री शर्माले कृषि क्षेत्रको रुपान्तरण, निजी र सहकारीको माध्यमबाट आर्थिक विकास गर्ने विषयलाई अगाडि सारेको बताए ।

धान, मकै गहुँ ३० प्रतिशत आयात न्यून गर्ने, कृषि क्षेत्रको रुपान्तरण गरिबी निवारणका लागि आत्मनिर्भरका लागि राष्ट्रिय वर्ष मनाइने, कृषि क्षेत्रको लागि प्रधानमन्त्रीको समन्वयमा मन्त्रीस्तरीय उच्चस्तरीय समिति बनाइने र प्रत्येक वडामा कृषि विज्ञको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरु बजेटमा शमावेश गरिएको छ। कृषि एम्बुलेन्सको व्यवस्था गर्ने, कृषिको न्यूनतम मूल्य निर्धारण गरिने, ३०० कृषि स्वयंसेवक तयार गरिने र संघ प्रदेश र स्थानीय तहको सहकार्यमा बाँझो एवं खालि जग्गाको प्रयोगमा ल्याइने कुरालाई बजेटमा शमावेश गरिएको छ। कृषि कर्जाका लागि लघुवित्त मार्फत ५ खर्ब रुपैयाँ बराबरको व्यवस्था गरिने र रासायनिक मल खरिदको लागि १५ अर्ब रुपैयाँ बिनियोजन गरिएको अर्थमन्त्री शर्माले बताएका छन्। त्यस्तै बजेटमा धान, गहुँ मकै र दुधको न्यूनतम समर्थन मूल्य तोकिने र कृषि तथा पशु बीमाका लागि ८० प्रतिशत बीमा प्रिमियमको व्यवस्था गरिएको छ।

### वैदेशिक रोजगारबाट फर्किएकालाई च्यालेन्ज फण्डको व्यवस्था

नेपाली उत्पादनको वृद्धि र रोजगारी वृद्धिको विषयलाई आगामी आवको बजेटमा सम्बोधन गरिएको छ। मेसिनरी कच्चा पदार्थ आयामा सहुलियत, युवा उद्यमी र वैदेशिक रोजगारीबाट फर्किएकालाई च्यालेन्ज फन्डको व्यवस्था र निजी क्षेत्रको साझेदारीमा ज्ञानमा आधारित विजनेश इकुभेसन आयोजनाका लागि आगामी बजेटमा कार्यक्रम शमावेश गरिएको छ। त्यस्तै बजेटमा औद्योगिक कार्यक्रम अन्तर्गत कर्णाली र जुम्ला हिमाली क्षेत्रलाई स्याउ उत्पादन तथा प्रशोधन केन्द्र, १०५ स्थानमा औद्योगिक ग्रामका लागि व्यवस्था गरिने र भैरहवा/सिमरालाई विशेष आर्थिक क्षेत्रलाई पूर्ण प्रयोगमा ल्याइने कार्यक्रमहरु रहेका छन्।

### आयात नियन्त्रण र निर्यात प्रवर्द्धन

कृषि उत्पादन र औद्योगिक विकास गरी आयात प्रतिस्थापन गरिने विषयलाई बजेटमा जोड दिइएको छ। क्लिङकर, सिमेन्ट, स्टिल लगायतका वस्तुको निर्यातमा ८ प्रतिशतसम्म अनुदान दिइने कुरा बजेटमा उल्लेख गरिएको छ। त्यस्तै बजेटमा मुलकमा औद्योगिक विकास गर्न र विदेशी लगानी आकर्षित गर्ने र रोजगारी सिर्जना गर्ने मासिक १० करोड रुपैयाँ भन्दा बढी खपत गर्ने उद्योगहरुलाई २ देखि १५ प्रतिशतसम्म विद्युत महसुल छुट पाउने उल्लेख छ। ग्याँसमा दिइदै आएको अनुदान कटौती गरि विद्युतीय चुल्होलाई प्रोत्साहन गर्ने कार्यक्रम पनि बजेटमा शमावेश गरिएको छ।

आगामी वर्षको बजेटमा विभिन्न वस्तुहरुको आपुर्तीलाई सहज र सुलभ बनाउने कार्यक्रमलाई पनि प्रस्तुत गरिएको छ। भारतको सिलगढीदेखि झापाको चारआली, अमलेखगन्जदेखि लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार गरिने कुरा बजेटमा शमावेश गरिएको छ।

### घरजग्गाको कारोबारलाई व्यवस्थित गरिने

आगामी आबको बजेटमा घरजग्गाको कारोबारलाई पारदर्शी बनाउने कुरा उल्लेख गरिएको छ। घरजग्गाको मूल्यांकन प्रणालीलाई एकरुपता ल्याइने र घरजग्गा कारोबारलाई व्यवस्थित र पारदर्शी बनाउन आधिकारी क्षेत्रबाट तोकिएको व्यक्ति र निकायबाट मात्र कारोबार गर्न सकिने व्यवस्था गरिने व्यवस्था लागु गर्ने कुरा बजेटमा उल्लेख गरिएको छ। सो कारोबार आगामी आवमा महानगर र उपमहानगरमा कार्यान्वयन गरिने र त्यसपछि क्रमशः अन्य क्षेत्रमा कार्यान्वयनमा ल्याउने उल्लेख गरिएको छ।

### श्रम तथा रोजगार

संघ प्रदेश र स्थानीय तहमार्फत सीपमुलक कार्यक्रम सञ्चालन गर्ने र घरेलु, साना तथा लघु उद्योगहरुलाई रोजगारी सिर्जनाको मुख्य आधार बनाइने कुरा प्रस्तुत बजेटमा उल्लेख गरिएको छ। अर्थमन्त्री शर्माका अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमलाई परिमार्जन गर्ने र वैदेशिक रोजगारीबाट फर्केकालाई अनुभवका क्षेत्रमा लाग्ने गरि सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिने छ।

### मृगौला प्रत्यारोपण निःशुल्क गराइने

निर्माणाधिन अवस्थामा रहेका ६५५ स्थानीय तहका स्वास्थ्य चौकीको निर्माण सम्पन्न गरिने र जेष्ठ नागरिकलाई थप २० केन्द्रिय र प्रादेशिक स्थानमा विशेष उपचार केन्द्रको व्यवस्था गरिने कुरा बजेटमा उल्लेख गरिएको छ। सरकारी स्वास्थ्य केन्द्रहरूबाट ९८ प्रकारका औषधी निःशुल्क उपलब्ध गराइने र मृगौला प्रत्यारोपण तथा डाइलोसिस् व्यक्तिहरु क्यान्सर पीडित र मेरुदण्ड इन्जुरीका लागि मासिक ५ हजार रुपैयाँ उपलब्ध गराइने कार्यक्रम सरकारले अगाडि सारेको छ। मृगौला प्रत्यारोपणको निःशुल्क व्यवस्था गरिने नयाँ कार्यक्रम आगामी आर्थिक वर्षको बजेटमा शमावेश गरिएको छ।

### युवालाई शतप्रतिशत साक्षर बनाइने

युवालाई आगामी आर्थिक वर्षमा सतप्रतिशत साक्षरता बनाइने कार्यक्रम बजेटमा उल्लेख गरिएको छ। विद्यार्थी लक्षित कमाउँदै पढ्दै कार्यक्रम, राष्ट्रिपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत १ हजार सामुदायिक विद्यालयको सुधार गरिने र दिवा खाजा कार्यक्रमलाई आगामी आर्थिक वर्षमा ६ कक्षासम्मलाई व्यवस्था गरिने उल्लेख गरिएको छ।

### भौतिक पूर्वाधार मन्त्रालयलाई १ खर्ब ६१ अर्ब

काठमाडौं-चितवन एक घण्टामा ओहोर दोहोर गर्ने गरी द्रुत मार्गको विकास गरिने र चितवन-रामपुर बुटवल, चितवन-रामपुर-पोखरा द्रुत मार्ग निर्माण गरिने कुरा बजेटमा उल्लेख गरिएको छ। २५७ किलोमिटर सडक सञ्जाल विस्तार गरिने र हिमाली र पहाडी क्षेत्रको ढुवानी क्षेत्रको सहजताका लागि रोपवेको सम्भाव्यता अध्ययन गरिने कार्यक्रम समावेश गरिएको छ। बजेटमा हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, पुष्पलाल राजमार्ग, मुग्लिङ-पोखरा सडक, आदि लगायतको लागि स्तरोन्नती र विस्तारका लागि रकमको व्यवस्था गरिएको छ। हिमाली र पहाडी क्षेत्रको ढुवानी क्षेत्रको सहजताका लागि रोपवेको सम्भाव्यता अध्ययन गरिने र यातायातलाई विद्युतीय सवारीमा रुपान्तरण गरिने कुरा बजेटमा उल्लेख गरिएको छ।

### एक घर एक धारा कार्यक्रम कार्यान्वयन गरिने

खानेपानीको लागि एक घर एक धारा कार्यक्रम कार्यान्वयनमा ल्याइने कुरा बजेटमा उल्लेख गरिएको छ। काठमाडौंमा थप सिस्नेरी र ठोस्ने खानेपानीको आयात गर्न अध्ययन गरिने र खानेपानी जलाधार क्षेत्रको अध्ययन गरिने कुरा बजेटमा उल्लेख गरिएको छ।

### चितवनको गौतमवुद्ध अन्तर्राष्ट्रिय क्रिकेट मैदानको निर्माण सम्पन्न गरिने

प्रदेश सरकारसँगको साझेदारीमा चितवनको गौतमवुद्ध अन्तर्राष्ट्रिय क्रिकेट मैदानको अधुरो निर्माणकार्य पुरा गरिने र खेलकुद पर्यटन प्रवर्द्धनका लागि निजी तथा स्थानीय तहसँग सहकार्य गर्दै साहसिक खेलको विकास गरिने कुरा बजेटमा उल्लेख गरिएको छ। एक प्रदेश एक खेल मैदान कार्यक्रमलाई अघि बढाइने र खेलाडीहरुलाई आजीवन जीवन वृत्तिको प्रस्ताव गरिएको छ।

### नेपाल विद्युत प्राधिकरणले चार्जिङ स्टेशन बनाउने

नेपाल विद्युत प्राधिकरणले देशका विभिन्न स्थानमा चार्जिङ स्टेशन बनाउने कुरा बजेटमा उल्लेख गरिएको छ। निर्माणधिन १११ मेगावाटको रसुवागढी ४२.८ माथिल्लो सान्जेन तथा निजी लगानीकर्ताबाट ८६ मेगावाटको सोलु लगायतका आयोजनाहरु निर्माण गरि आर्थिक वर्षमा कुल ७१५ मेगावाट राष्ट्रिय प्रसारण लाइनमा जोडिने कार्यक्रम बजेटमा शमावेश गरिएको छ।

### कर्मचारीको तलबमा १५ प्रतिशतले वृद्धि

आगामी साउन १ गतेदेखि कर्मचारीको तलबमा १५ प्रतिशतले वृद्धि हुने भएको छ। आज अर्थमन्त्री शर्माले संसदमा कर्मचारीको तलब वृद्धि गर्दै आएकरको सिमा पनि बढाउने घोषणा गरेका हुन्। प्रशासनिक खर्च कटौतीको लागि सरकारी निकायका कर्मचारी संगठन र दरबन्दीमा पुनरसंरचना गरिने, संघीय निजामति कर्मचारीमा १० प्रतिशत दरबन्दी कटौती गरिने र सेनामा प्राविधिक बाहेक अन्य दरबन्दी थप नगरिने उल्लेख गरिएको छ।

पर्यटन क्षेत्रको विकासमा स्थानीय तहको लागत साझेदारी लगायत विभिन्न कार्यक्रमहरु अगाडि सारिएको छ। सुचना सञ्चार क्षेत्रमा नयाँ कार्यक्रमको रुपमा अनलाईन पनि आगामी आवदेखि लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने कुरा उल्लेख गरिएको छ। बैंक तथा वित्तीय क्षेत्र र बीमा सुधारको विषयलाई पनि आगामी बजेटमा शमावेश गरिएको छ। वाणिज्य बैंकहरुले स्थानीय तहमा एक शाखाबाट कम्तिमा ५ वटा कृषि उद्योगमा लगानी गर्नुपर्ने र एक घर एक बीमा कार्यक्रमलाई बजेटमा प्रस्ताव गरिएको छ।

सार्वजनिक संस्थानहरूको पुनरसंरचना गर्ने, आवश्यकता अनुसार सुधार, परिमार्जनसँग मर्जर गर्ने, घाटा सञ्चालित सार्वजनिक संस्थानहरुको सुधार तथा सार्वजनिक मोडलमा साझेदार कम्पनीको रुपमा विकास गरिने र कृषि, खाद्यान्न र दुग्ध संस्थानहरुलाई संघ, प्रदेश र स्थानीय तहसँग साझेदारी गरि सञ्चालन गरिने कुरा बजेटमा शमावेश गरिएको छ। बजेटमा दूरसञ्चार संस्थानहरूको निजी क्षेत्रबाट सरकारी स्वामित्वमा आउने चरणमा रहेकालाई सुधार गरि सञ्चालन गरिने र सार्वजनिक क्षेत्रमा काम गर्ने कर्मचारीहरुमा हेटौंडामा उत्पादित कपडाको पोसाक प्रयोगमा ल्याइने विषयलाई पनि शमावेश गरिएको छ। शान्ति प्रकृयाका बाँकी काम पुरा गरिने, दशवर्षे ससस्त्र युद्ध र राष्ट्रिय राजनीतिक आन्दोलनमा सरिक योद्धाहरुलाई लोकतान्त्रिक सेनानीको रुपमा सम्मान गरिने विषय बजेटमा उल्लेख गरिएको छ।

## सनराइज क्यापिटलको निःशुल्क डिम्याट खाता खोल्ने सुविधा

काठमाडौं/मस - सनराइज क्यापिटल लिमिटेडले निःशुल्क डिम्याट खाता खोल्न सकिने सुविधा ल्याएको छ। क्यापिटलले 'नेपाल सरकारको एक नेपाली एक डिम्याट खाता' अभियानलाई सार्थक बनाउने उदेश्यसहित जेष्ठ १६ गतेदेखि असार मसान्तसम्म सम्पूर्ण ग्राहकहरुलाई निःशुल्क डिम्याट खाता खोल्न सकिने सुविधा ल्याएको हो।

क्यापिटलको यस सुविधा तथा अभियानबाट विशेषत पूंजी बजार बाहिर रहेका गृहणी, विद्यार्थी तथा नयाँ लगानीकर्ताहरुलाई विशेष फाईदा पुग्नुका साथै सर्वसाधारण व्यक्तिहरुमा डिम्याट खाताको पुहँचमा वृद्धि हुने कम्पनीले विश्वास लिएको छ। कम्पनीले सर्वसाधारणलाई लक्षित गरि ल्याइएको यस्ता कार्यक्रमले सर्वसाधारणहरुलाई पूंजी बजारमा प्रवेशका लागि अवसरका साथै समग्र बजारमा लगानी वृद्धिलाई समेत सहयोग पुग्ने विश्वास गरेको छ।

सन्राइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
Subsidiary of SUNRISE BANK LIMITED

के तपाईंको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

सर्पदंश (सर्पको टोकाई)बाट बच्न...
- घरवरिपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरुको व्यवस्थापन गरौं,
- घर वरिपरि सफा राखौं, प्वालहरु टालौं,
- खलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिँडौं, जुता वा गमबुट लगाऔं
- लट्ठि लिएर हिँडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

इटहरी उप-महानगरपालिका कार्यालय
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, नेपाल

उप-महानगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

स्वास्थ्य सम्बन्धी उप-महानगरपालिका बासीमा सचेतना

१) गर्मीयाममा अपनानुपर्ने कुराहरु
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।





२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।
३) नवजात शिशुलाई स्याहार कसरी गर्ने
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।



४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।

प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः बागबजार, काठमाडौं, फोनः ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ